**छैठौं नगर सभाको कार्यक्रम २०७७।३।१०**

१. सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री मोहन कुमार श्रेष्ठज्यूको बैठक हलमा आगमन हुनसाथ सबै सभासदहरु, अतिथिगण, कर्मचारी तथा सञ्चारकर्मीहरु आ–आफ्नो स्थानमा उठेर सम्मान व्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

२. सम्मान सहितको राष्ट्रिय धुन बजे पश्चात् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले सभाप्रति सम्मान प्रकट गरी छैठौं नगर सभाको सभाध्यक्षको आशन ग्रहण गरि सभालाई सम्बोधन गर्नुभयो ।

**सभाध्यक्षको सम्बोधनः**

यस नगरपालिकाका उपप्रमुख,
नगर सभाका समस्त सभासदहरु,

सर्वप्रथम म नेपालको संविधानको धारा २२३ बमोजिम गठन भएको यस नगर सभाको सोही संविधानको धारा २२४ बमोजिम आज आरम्भ हुन गई रहेको छैठौं नगर सभाको अध्यक्षता ग्रहण गरी नगर सभाको बैठक औपचारिक रुपमा आरम्भ भएको घोषणा गर्दछु ।

प्रदेश नं. १ सरकारबाट जारी गरिएको गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन , २०७५ को दफा ३ को उपदफा (१) र (२) बमोजिम नगर कार्यपालिकाको परामर्शमा आज छैठौं नगर सभाको बैठक आव्हान गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

संविधानको धारा २२१ को उपधारा (१) ले "यस संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित हुने " सोही धाराको उपधारा (२) ले गाउँ सभा र नगर सभाको व्यवस्थापकीय अधिकार अनुसूची -८ र ९ मा व्यवस्था गरे बमोजिम स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकारहरु प्रचलनका लागि विभिन्न स्थानीय ऐन , नियम, निर्देशिका तथा कार्यविधिहरु जारी गरी कार्यान्वयनमा ल्याई सकिएको र अरु थप स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको मस्यौदा तयारी गर्ने कार्य जारी छ ।

प्रदेश नं. १ सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन , २०७५ को दफा ३ को उपदफा (१) ले स्थानीय तहको हिउँदे र बर्षे अधिवेशन बर्षको दुई पटक हुनु पर्ने व्यवस्था गरे बमोजिम यो छैठौं नगर सभा बर्षे अधिवेशनको रुपमा आरम्भ भएको छ । यस नगरपालिकाको आगामी आर्थिक बर्ष ०७७/७८ को नीति, कार्यक्रम तथा बजेट समेत यसै सभाद्वारा पारित गर्नु पर्ने हुँदा आज आरम्भ भई अधिकतम दश कार्य दिनसम्म सञ्चालन हुने

नगर सभाको बैठक विशेषतः आगामी आ.व.को नीति , बजेट तथा कार्यक्रम उपरको छलफल तथा निर्णयमा केन्द्रीत हुने व्यहोरा जानकारी गराउँदछु ।

अब म आगामी आ.व. ०७७/७८ को यस नगर कार्यपालिकाबाट प्रस्ताव गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

अन्त्यमा, नगरको समग्र विकासमा योगदान पुर्याउनु हुने राजनीतिक दल, राष्ट्रसेवक, नीजि, सहकारी तथा सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै नगरको विकासमा सहयोग पु र्याउने दातृ राष्ट्र तथा दातृ संस्थालाई समेत धन्यवाद दिन चाहन्छु ।

अब म यस नगरपालिकाको आगामी आ.व.०७७ /७८ को प्रस्तावित बजेट तथा कार्यक्रम नगर स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुखबाट प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदछु ।

आगामी आर्थिक बर्ष ०७७ /७८ को लागि प्रस्तावित नीति , बजेट तथा कार्यक्रम माथी दफावार छलफलका लागि २०७७ असार १३, १४, १६ र १९ गते मिति तोकिएको जानकारी सभाध्यक्षद्वारा सभालाई दिएपछि नगर सभाको बैठक पुनः मिति २०७७।३।१३ का दिन बस्ने गरी बैठक स्थगन गरियो ।

**मितिः २०७७।३।१३ गतेको नगर सभा बैठकको कार्यक्रमः**

सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री मोहन कुमार श्रेष्ठज्यूको बैठक हलमा आगमन हुनसाथ सबै सभासदहरु तथा कर्मचारी आ –आफ्नो स्थानमा उठेर सम्मान व्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

१. सम्मान सहितको राष्ट्रिय धुन बजे पश्चात् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले सभाप्रति सम्मान प्रकट गरी आजको वैठकको सभाध्यक्षको आशन ग्रहण गर्नु भयो ।
२. मिति२०७७।३।१० का दिन सभाध्यक्ष तथा नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रम माथि दफावार रुपमा छलफल भएपछि सभासद हरुद्धारा दिइएको सुझावहरु समेतलाई समावेश गरी नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम सभाबाट स्वीकृत गरियो ।
३. सभाध्यक्षबाट आ.व.०७७ /७८ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्नु भयो ।

४. प्रदेश नं. १ सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५८ को उपदफा (१) को खण्ड (ख) बमोजिम यस नगरपालिकाको चालु नगर सभा बैठकलाई मिति २०७७ साल असार १४ गते विहान ११:०० बजे सम्बोधन गरिदिन प्रतिनिधि सभाका माननीय सदस्य श्री यज्ञराज सुनुवारज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. छलफलका लागि समय अभावका कारण नगर सभाको बैठक निर्धारित तालिका बमोजिम मिति २०७७ साल असार १४ गते बस्ने गरी सभाध्यक्षबाट आजको बैठक स्थगन भएको घोषणा गर्नुभयो ।

**मितिः २०७७।३।१४ गतेको नगर सभा बैठकको कार्यक्रमः**

सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री मोहन कुमार श्रेष्ठज्यूको बैठक हलमा आगमन हुनसाथ सबै सभास दहरु तथा कर्मचारी आ–आफ्नो स्थानमा उठेर सम्मान व्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

१. सम्मान सहितको राष्ट्रिय धुन बजे पश्चात् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले सभाप्रति सम्मान प्रकट गरी आजको वैठकको सभाध्यक्षको आशन ग्रहण गर्नुभयो ।

२. सभाध्यक्षबाट प्रतिनिधि सभाका माननीय सदस्य यज्ञराज सुनुवारज्यूलाई सभालाई सम्वोधन गरिदिन हुन अनुरोध गर्नु भयो ।

३. प्रतिनिधि सभाका माननीय सदस्य यज्ञराज सुनुवारज्यूबाट सभालाई सम्वोधन भयो ।

४. यस नगरपालिकाको चालु नगर सभा बैठकलाई आज मिति २०७७ साल असार १४ गते विहान ११ :०० बजे सम्बोधन गरिदिनु भएकोमा प्रतिनिधि सभाका माननीय सदस्य श्री यज्ञराज सुनुवारज्यूलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित गरियो ।

५. यस नगरपालिकाको आगामी आर्थिक बर्ष ०७७ /०७८ को लागि प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफावार रुपमा छलफल आरम्भ गरियो ।

६. छलफलका लागि समय अभावका कारण नगर सभाको बैठक निर्धारित तालिका बमोजिम मिति २०७७ साल असार १६ गते बस्ने गरी सभाध्यक्षले आजको बैठक स्थगन भएको घोषणा गर्नुभयो ।

**मितिः २०७७।३।१६ गतेको नगर सभा बैठकको कार्यक्रमः**

सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री मोहन कुमार श्रेष्ठज्यूको बैठक हलमा आगमन हुनसाथ सबै सभासदहरु तथा कर्मचारीहरु आ–आफ्नो स्थानमा उठेर सम्मान व्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

१. सम्मान सहितको राष्ट्रिय धुन बजे पश्चात् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले सभाप्रति सम्मान प्रकट गरी आजको वैठकको सभाध्यक्षको आशन ग्रहण गर्नु भयो ।

२. मिति २०७७ साल असार १० गतेको बैठकमा पेश गरिएको बजेट कार्यक्रम उपर छलफलको क्रममा सभासदहरुबाट उठाइएका प्रश्नहरुको जवाफ सम्बन्धित विषयगत समितिका संयोजकहरुबाट दिइयो ।

३. सहभागि सभासद हरुद्धारा दिइएको सुझावहरु समेतलाई समावेश गरी नगरपालिकाको आगामी आ.व.०७७/०७८ को बार्षिक बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत गरियो ।

४. सभाध्यक्षबाट आ.व.०७७/०७८ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्नु भयो ।

५. प्रदेश नं. १ सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन , २०७५ को दफा ५८ को उपदफा (१) बमोजिम यस नगरपालिकाको चालु नगर सभा बैठकलाई मिति २०७७ साल असार १९ गते मध्यान्ह १२.०० बजे सम्बोधन गरिदिन प्रदेश नं. १ सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय अम्बिरबावु गुरुङज्यूलाई अनुरोध गर्ने ।

६. प्रदेश नं. १ सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन , २०७५ को दफा ५८ को उपदफा (१) को खण्ड (ग) बमोजिम यस नगरपालिकाको चालु नगर सभा बैठकलाई मिति २०७७ साल असार १९ गते विहान ११.०० बजे सम्बोधन गरिदिन जिल्ला समन्वय समिति ओखलढुंगाका प्रमुख जय बहादुर श्रेष्ठज्यूलाई अनुरोध गर्ने ।

७. **विधेयक प्रस्तुतः**

क) नगर सभाका सभाध्यक्ष एवम् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठले सभामा छलफलका लागि पेश हुने विधेयकको मस्यौदा प्रस्तुत गर्न उपप्रमुख श्री इच्छा कुमारी गुरुङलाई अनुमति दिनु भयो ।

ख) सभाध्यक्षको अनुमति लिई उप्रमुख श्री इच्छा कुमारी गुरुङले सिद्धिचरण नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा बनेको विधेयक, २०७७, शिक्षा ऐन , २०७५ र पूर्वाधार अनुगमन तथा व्यवस्थापन ऐन, २०७५ संशोधनका लागि मस्यौदा गरिएको तीन महले विवरण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

ग) सभा समक्ष पेश गरिएको विधेयक र तीन महले विवरण उपर सैद्धान्तिक छलफलका लागि सहभागि सदस्यहरुलाई एक घण्टाको समय निर्धारण गरीयो र छलफलमा

उठेका प्रश्नहरुको जवाफ दिनका लागि उपप्रमुखलाई समय दिइएको व्यहोरा सभाध्यक्षले सभालाई जानकारी गराउनु भयो ।

घ) विधेयक तीन महले विवरण उपर सैद्धान्तिक छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ विधेयक प्रस्तावकबाट दिने कार्य सम्पन्न भएकोले प्रस्तुत विधेयक उपर संशोधन प्रस्ताव पेश गर्न चाहने सदस्यहरुबाट २४ घण्टाभित्र संशोधन प्रस्ताव पेश गर्न समय प्रदान गरिएको व्यहोरा सभाध्यक्षले घोषणा गर्नु भयो ।

८. नगर सभाको बैठक निर्धारित तालिका बमोजिम मिति २०७७ साल असार १९ गते बस्ने गरी सभाध्यक्षद्धारा आजको बैठक स्थगन भएको घोषणा गरियो ।

**मितिः २०७७।३।१९ गतेको नगर सभा बैठकको कार्यक्रमः**

१. सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री मोहन कुमार श्रेष्ठज्यूको बैठक हलमा आगमन हुनसाथ सबै सभासद्हरु तथा कर्मचारी आ –आफ्नो स्थानमा उठेर सम्मान व्यक्त गरी राष्ट्रिय धुन बजाइयो।

२. सम्मान सहितको राष्ट्रिय धुन बजे पश्चात् नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले सभाप्रति सम्मान प्रकट गरी आजको वैठकको सभाध्यक्षको आशन ग्रहण गर्नु भयो ।

३. सभाध्यक्षबाट जिल्ला समन्वय समितिका प्रमुख जय बहादुर श्रेष्ठज्यूलाई सभालाई सम्वोधन गरिदिन अनुरोध गर्नु भयो ।

४. जिल्ला समन्वय समितिका प्रमुख जय बहादुर श्रेष्ठज्यूबाट सभालाई सम्वोधन भयो ।

५. यस नगरपालिकाको चालु नगर सभा बैठकलाई आज मिति २०७७ साल असार १९ गते विहान ११:०० बजे सम्बोधन गरिदिनु भएकोमा जिल्ला समन्वय समितिका प्रमुख जय बहादुर श्रेष्ठज्यूलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित गरियो ।

६. सभाध्यक्षबाट प्रदेश नं.१ सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय अम्बिरबावु गुरुङज्यूलाई सभालाई सम्वोधन गरिदिन अनुरोध गर्नु भयो ।

७. प्रदेश नं.१ सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय अम्बिरबावु गुरुङज्यूबाट सभालाई सम्वोधन भयो ।

८. यस नगरपालिकाको चालु नगर सभा बैठकलाई आज मिति २०७७ साल असार १९ गते मध्यान्ह १२ :०० बजे सम्बोधन गरिदिनु भएकोमा प्रदेश नं. १ सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय अम्बिरबावु गुरुङज्यूलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित गरियो ।

९. यस नगरपालिकाको आगामी आर्थिक बर्ष ०७७ /०७८ को लागि छैठौं नगर सभाबाट स्वीकृत बार्षिक नीति , कार्यक्रम तथा बजेटको विस्तारित बिवरण तपसिल बमोजिम हुने व्यहोरा निर्णय गरियो ।

**(क) बार्षिक नीतिको विस्तारित बिवरणः**

**“स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर”**
**आर्थिक वर्ष ०७७।७८ को नीति तथा कार्यक्रम**

यस नगरपालिकाका उपप्रमुखज्यू ,
नगर सभाका सभासदज्यूहरु ।

यस नगरपालिकाको छैठौ नगर सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा सिद्धिचरण नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

“स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर ” भन्ने मूल नाराका साथ सिद्धिचरण नगरपालिकाको नगर प्रमुखको हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष ०७७।७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु ।

सर्वप्रथम लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था प्राप्तीका लागि विभिन्न चरणमा भएको जन आन्दोलन तथा शान्तिपूर्ण आन्दोलनमा आ फ्नो अमूल्य जीवनलाई बलिदानी दिनु हुने आदरणीय वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस आन्दोलनको कठिन परिस्थितिहरुमा पनि त्याग र नेतृत्व प्रदान गर्नु हुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस घडीमा युगकवी सिद्धिचरण श्रेष्ठ समेतलाई स्मरण गर्न चाहन्छु ।

हाल विश्वमा डरलाग्दो महामारीको रुपमा फैलिएको कोरोना भाइरस ( COVID-19) का कारण देशभित्र र देशबाहिर ज्यान गुमाउ नु भएका नेपालीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । कोराना भाइरसको संक्रमणमा परी उपचार गराइरहनु भएका सम्पूर्ण नेपालीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै ( COVID-19) को संक्रमण नियन्त्रणमा यस नगरपालिकाले चालेका कदमहरुमा अग्रपंक्तिमा रहेर सेवा तथा सुरक्षा प्रदान गर्नु हुने स्थानीय प्रशासन, सुरक्षाकर्मी, सम्पूर्ण स्वास्थ्यकर्मी, सरसफाईकर्मी, एम्बुलेन्सका चालक तथा महामारी रोकथाम तथा नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारी तथा नगरबासी दाजुभाई तथा दिदी वहिनीहरुको उच्च प्रशंसा गर्दछु ।

(COVID-19) को रोकथाम र नियन्त्रणका लागि विभिन्न सुरक्षाका सामग्रीहरु मास्क , स्यानीटाइजर, ग्लोभ्स, थर्मल गन , साबुन आदि सामग्रीहरु उपलब्ध गराइदिनु हुने संघीय स्वास्थ्य मन्त्रालय , स्वास्थ्य विभाग , प्रदेश सामाजिक विकास मन्त्रालय लगा यत सम्पूर्ण संघ/संस्था र महानुभावहरु प्रति कृतज्ञता सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी यस नगरपालिकामा वसोवास गर्ने असंगठित क्षेत्रमा रहेका कामदार , विपन्न वर्ग र सामाजिक क्षेत्रका सेवा दिनु पर्ने नागरिकहरुलाई खाद्य सामग्री र अन्य राहतका सामग्रीहरु उपलव्ध गराउनु हुने संघ /संस्था र व्यक्तिहरुलाई समेत धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस नगरपालिका स्थित कोरोना संक्रमण नियन्त्रण तथा उपचारका लागि स्थापना गरिएको प्रकोप व्यवस्थापन कोषमा रकम उपलव्ध गराई सहयोग गर्नुहुने नगरपालिकाका जनप्रतिनिधि , कर्मचारी, शिक्षक तथा वुद्धिजीवी लगायत सम्पूर्ण संघ /संस्थाहरु प्रति आभार व्यक्त गर्दै यस किसिमको महान कार्यको लागि हार्दिक धन्यवाद दिन चाहन्छु । यस्तो कठिनको घडीमा क्वारेन्टाइन निर्माणका लागि भवन उपलव्ध गराई सहयोग गर्नु हुने ओखलढुंगा क्याम्पस , सगरमाथा जनता मा.वि. र रुम्जाटार मा.वि. लाई धन्यवाद दिन चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्षको बजेट , नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु , नगरसभाबाट पारित भएका विभिन्न ऐन तथा कार्यपालिकाबाट पारित भएका नियमावली , कार्यविधि, निर्देशिका, आवधिक योजना , जनप्रतिनिधिको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा व्यक्त गरेका प्रतिबद्धता , नागरिक समाजसँगको छलफल देखि वडास्तर हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मका चरणमा भएका छलफल , विभिन्न संघ/संस्था र निजीक्षेत्रवाट प्राप्त सुझाव तथा नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुलाई मुख्य आधारको रुपमा लिएको छु ।

यसै सन्दर्भमा आ.व. ०७७।७८ को वजेट , नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यहरुः**

१. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरभित्र रहेका स्थानीय स्रोत साधन तथा राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक समृद्धी हासिल गर्ने,

२. नगरवासीहरुको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै गरिबी न्यूनीकरणमा जोड दिने,
३. (COVID-19) को संक्रमण रोकथाम,नियन्त्रण तथा उपचारलाई जोड दिने,
४. सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै भौतिक , सामाजिक र पूर्वाधार विकासमा जोडदिई सम्मुन्नत सुदृढ र दीगो अर्थतन्त्रको निर्माण गर्ने,
५. पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रुपमा पर्यटन क्षेत्रको विकास गर्ने,

**प्राथमिकताहरुः**

१. (COVID-19) को संक्रमणलाई रोकथाम र उपचारको माध्यमबाट गरी कोभिड–१९ रहित नगरपालिकाको बनाउने,
२. नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यक ता परिपूर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने,
३. (COVID-19) को कारण विदेशबाट फर्किएका तथा रोजगार गुमाएकाहरुलाई नयाँ रोजगारीको सृजना गर्ने,
४. उच्च र दीगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत र उद्योगका क्षेत्रमा पूँजी परिचालन गर्ने,
५. आर्थिक,भौतिक र सामाजिक पूर्वाधारको विकास गरी समृद्ध नगरपालिका बनाउने अभियानलाई गति दिन सडक , सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण , विकास र विस्तार गर्ने,
६. सुशासन, पारदर्शीता र जवाफदेहीता भन्ने अभिप्रायका साथ आम नगरबासीलाई छिटो छरितो, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने,
७. जलवायु अनुकूलन, पर्यावरणीय संरक्षण र विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी कार्यहरु गर्ने,
८. लैङ्गिक समानता र सामाजिक सुरक्षा कायम गर्ने ।
९. ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक क्रृयाकलापको माध्यमबाट भाषा, कला र साहित्यको संरक्षण र व्यवस्थापन गर्ने ।

**वार्षिक नीति तर्जुमाको क्रममा अवलम्बन गरिएका विधि पद्धति तथा आधारहरुः**

१. नेपालको संविधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय तहको अधिकार क्षेत्रभित्र संविधानको धारा ५७ (४) , २१४ (२), २२१ (२) र २२६ (१)

अन्तर्गत अनुसूची ८ र ९ मा व्यवस्था गरिएका अधिकार क्षेत्रहरु , नगरपालिकाको आवधिक योजना,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु,

३. दीगो विकासका लक्ष्य तथा संघीय सरकार कार्योजनाको आधारपत्र , प्रदेश सरकार का योजनाको आधारपत्र र राष्ट्रिय योजना आयोगले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,

४. टोल/वडास्तरीय योजना तर्जुमा भेला , विषयगत समिति र बजेट, कार्यक्रम तथा योजना तर्जुमा समितिको सिफारिस,

५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरु,

६. विकास र नगरवासीका समसामायिक मुद्दाहरु सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा , लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री र वातावरणमैत्री स्थानीय शासन , आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, पूर्ण खोप, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु ।

**योजना तथा कार्यक्रम छनौटका आधारहरुः**

१. आर्थिक विकाससँग सम्बन्धित (कृषि, पशुपालन, जडिबुटी, नगदेवाली, सडक, उद्योग, पर्यटकीय मार्ग, खानेपानी, विद्युत) आदि,

२. बिदेशवाट फर्किएका युवा तथा COVID-19 को कारण रोजगार गुमाएकाहरुलाई सम्बोधन गरी रोजगारीको सृजना हुन सक्ने योजना कार्यक्रमहरु,

३. स्वास्थ्य र शिक्षाको गुणस्तरमा अभिबृद्धि हुने कार्यक्रमहरु,

४. अपाङ्ग, जेष्ठ नागरिक , महिला, किशोरकिशोरी तथा बालबालिकाहरु लाभान्वित हुने किसिमका कार्यक्रमहरु,

५. वातावरण संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरु,

६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमहरु,

७. क्रमागत तथा नगरका रणनीतिक योजना तथा कार्यक्रमहरु।

माथि उल्लिखित नीतिगत उद्देश्य , प्राथमिकता, विधि तथा पद्धतिको आधारमा यस नगरपालिकाबाट आगामी आ.व.०७७/७८ मा कार्यान्वयन गरिने बार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम हुनेछ,

(क) कृषि तथा पशु सेवाः

१. नगरक्षेत्रमा रहेका अगुवा कृषकहरुको लगत तयार गरी निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ,

२. कृषि पेशामा संलग्न व्यक्तिहरुको समूह बनाई समूहमा आवद्ध कृषकहरुलाई नगरपालिकाबाट खटाइने प्राविधिक कर्मचारीहरु र नगर स्थित अगुवा कृषकहरुबाट घुम्ती तालीम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ,

३. रसायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहित गरी प्राङ्गारिक मल र जैविक बिषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ,

४. कृषकहरुबाट उत्पादित हरियो तरकारीको बजारीकरणका लागि तोकिएको समर्थन मूल्यमा उत्पादनस्थल बाटै खरिद गरी सदरमुकाम बजार लगायत नगरका मुख्य -मुख्य बजारहरुमा काउन्टर खोली बिक्री गर्न सहकारी संस्थाको छनौट ग रिनेछ । छनौटमा परेका सहकारी संस्थालाई व्यवस्थापन अनुदानको रुपमा निश्चित रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ,

५. अन्नबाली तथा फलफूल उत्पादनको हुने सम्भावित क्षेत्रहरुको पहिचान गरी उन्नत वीउ, वेर्ना, प्रविधि र मलको प्रयोगबाट 'एक गाउँ एक कृषि उत्पादन ' को नीति कार्यान्वयन गरिनेछ,

६. वैदेशिक रोजगारीको अवसर टुट्न गई घर फर्किएका र अन्य वेरोजगार युवाहरुलाई करार खेती, चक्लाबन्दी र सामुदायिक खेती तथा युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रममा आवद्ध गराउन युवा स्वरोजगार घुम्ती कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ,

७. खर्बुजा, मेवा, भुईकटहर, सुन्तला, कागती, जुनार, लिची, आँप र केरा जस्ता फलफूल , बेसार, खुर्सानी, अदुवा जस्ता मसलाजन्य र हरियो तरकारी लगायतका नगदेवाली उत्पादनका लागि सम्भाव्य स्थानको निर्धारण गरी त्यस्ता क्षेत्रका कृषकहरुलाई नगदेवाली , तरकारी तथा फलफूल उत्पादन गर्न उन्नत वीउ वेर्ना तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ,

८. माटो परीक्षणको दायरा विस्तार गर्नुका साथै बाँझो जग्गा र नदी उकासबाट आएको जग्गा आवाद गर्न प्रोत्साहित गरी वगर खेती प्रणालीको सुरुवात गरिनेछ,

९. आधुनिक तथा व्यवसायिक मौरीपालन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ,

१०. पशु बिमाको दायरा विस्तार गर्न सम्बन्धित कृषकहरुलाई अभिमूखीकरण गरिने र सम्भावित पशु रोगको रोकथाम तथा उपचार सेवालाई प्रभावकारी वनाइनेछ,

११. स्थानीय पशुपंक्षी संरक्षण, प्रवर्द्धन र नश्ल सुधार कार्यक्रमलाई विस्तार गरी व्यवसायिक पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ,

१२. भेडापालनका लागि रुम्जाटार लगायतका स म्भावित क्षेत्रमा भेडापालन ब्यवसायलाई प्रोत्साहन गरिनेछ,

१३. स्थानीय भेडाबाट उत्पादित ऊनलाई प्रशोधन गर्ने सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ,

१४. व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकहरुको छनौटका लागि रुजु सूची ( Check list) को आधारमा पहिचान गरी उत्पादन नतिजा वमोजिम सहयोग गर्ने व्यवस्था गरिनेछ,

१५. घाँसबाली लगाउने कार्यलाई प्रोत्साहित गरीनेछ र उन्नतजातका पशुपालनलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ,

१६. नगरस्थित मासु पसलहरुको अनुगमन कार्यतालिका बनाई नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ,

१७. व्यवसायिक रुपमा गरिने वेमौसमी तरकारी खेतीका लागि सिंचाई सुविधा पु र्याउन संभाव्यता र उपयुक्तताको आधारमा अनुदान उपलब्ध गराइनेछ,

१८. कृषि पेशामा संलग्न वास्तविक कृषकहरुको बिवरण संकलन तथा कृषक वर्गीकरणको आधार तयार गरी कृषक परिचयपत्र बितरण कार्य दातृ निकाय तथा सरोकारवालाहरु सँगको समन्वयमा गरिनेछ ।

**(ख) पर्यटनः**

१. नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै पर्यटक आगमनलाई प्रोत्साहित गरिने छ,

२. पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरुको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटक लक्षित 'होमस्टे' अवधारणा कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ,

३. रुम्जाटार बिमानस्थलबाट देउराली टोड्के र ओखलढुङ्गा सदरमुकामबाट टोड्के सोलु सल्लेरी हुँदै सर्वोच्च शिखर सगरमाथा जाने पर्यटकीय पदमार्गको स म्भाव्यता अध्ययनको लागि आवश्यक पहल गरिनेछ,

४. ऐतिहासिक स्थल ओखलढुङ्गा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल, स्रष्टापार्क, नगरपार्क, भ्यू टावर, कडेंनीगढी, रुम्जाटार गुम्बा, नलिडाँडा, झाँक्रीढुङ्गा, विगुटक्सार, जन्तरखानी, सहिद स्मृतिपार्क थामडाँडा, चम्पादेवी सहितका धार्मिक ,साँस्कृतिक तथा पर्यटकीयस्थलको रुपमा पहिचान भएका क्षेत्रलाई नगरको पर्यटकीय स्थलको रुपमा विकास गरीनेछ,

**(ग) उद्योग तथा वाणिज्यः**

१. नगरपालिकाको वडा नं. ६ स्थित नलिडाँडा सामुदायिक वनलाई साना तथा घरेलु उद्योगका लागि कच्चा पदार्थ उत्पादन क्षेत्रको रुपमा विकास गरिनेछ,

२. नगर क्षेत्रभित्र साना तथा घरेलु उद्योग स्थापना गर्न निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

**(घ) सहकारी तथा वित्तिय क्षेत्रः**

१. कृषि, उद्योग र सेवाको क्षेत्रमा सहकारीको माध्यमबाट रोजगारी सिर्जना गरी उत्पादन बृद्धि गरिनेछ,

२. प्रत्येक वडामा १ महिला सहकारी संस्था स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ,

३. सहकारी संघ /संस्थाका पदाधिकारी , कर्मचारीहरुलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र विकास सम्बन्धी तालीम दिने व्यवस्था मिलाइने छ,

४. कृषिसँग सम्बन्धित सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरी कार्यदक्षता अभिबृद्धि गरिने छ,

५. नगरक्षेत्र भित्रका सहकारी संस्थाहरु मध्ये निष्क्रिय सहकारी संस्थाहरुको पहिचान गरी त्यस्ता संस्थाहरुको दर्ता खारेज गर्ने प्रक्रिया अघि बढाइनेछ ।

**(ङ) शिक्षाः**

१. COVID-19 को जोखिमलाई मध्यनजर गर्दै विद्यालय नखुले सम्मको लागि वैकल्पिक शिक्षण सिकाई सहजीकरण कार्यलाई नगरक्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

२. COVID-19 लगायत विभिन्न सरुवा रोग तथा भाइरस सम्बन्धी विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

३. विद्यार्थी संख्या तथा भूगोलको आधारमा विद्यालयलाई एकीकरण ( Merge) गर्ने नीति अवलम्वन गरिनेछ ।

४. शिक्षक दरवन्दी मिलान गर्दा प्रस्तावित मा.वि.हरुलाई प्राथमिकता दिइनेछ,

५. तल्लो तहमा कार्यरत माथिल्लो तहको शैक्षिक योग्यता भएका शिक्षकहरुलाई माथिल्लो तहको विद्यालयमा सरुवा गर्ने व्यवस्था मिलाई पठन पाठनलाई व्यवस्थित वनाइनेछ,

६. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रभावकारी रुपमा निशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ,

७. स्थानीय पाठ्यक्रमको निर्माण गरी आगामी शैक्षिक वर्ष २०७८ देखि लागू गरिनेछ,

८. नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक धारको कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुमध्ये अपाङ्गता, दलित र आदिवासी/जनजाति,अति विपन्न तथा जेहेन्दार जम्मा तीन जना विद्यार्थी छनौट गरी छात्रवृत्ति उपलब्ध गराइनेछ,

९. विद्यार्थी संख्या, शैक्षिक गुणस्तर, कार्य सम्पादन मूल्याङ्कनको आधारमा विद्यालय र शिक्षहहरुलाई प्रोत्साहित गर्ने नीतिको अवलम्बन गरिनेछ,

१०. सामुदायिक विद्यालयमा रिक्त करार शिक्षक तथा कर्मचारीहरुको छनौटका लागि गठन हुने छनौट समितिका पदाधिकारीहरुलाई कार्यपालिकाले तोके बमोजिमको भत्ता लगायतका अन्य खर्च नगरपालिकाबाटै व्यहोर्ने व्यवस्था गरिनेछ,

११. नेपाल सरकारको आर्थिक सहयोगमा विद्यालयबाट उपलब्ध गराइने दिवा खाजा लक्षित वर्गका विद्यार्थीहरुलाई स्थानीयस्तरमा उपलब्ध हुने खाद्यवस्तुमा आधारित रही दिवा खाजाको प्रवन्ध गर्ने व्यवस्था गरिनेछ ।

**(च) स्वास्थ्यः**

१. नि:शुल्क बितरण गर्ने भनी नेपाल सरकारले तोकेका औषधी तथा औषधीजन्य सामानहरु नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ,

२. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि अत्यावश्यक औषधी तथा औषधिजन्य सामाग्रीहरुको पर्याप्त रुपमा आपूर्तिको व्यवस्था मिलाइनेछ,

३. पि.सि.आर/आर.डि.टि.परीक्षण कार्यलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ,

४. कोभिड-१९ लगायतका अन्य संक्रामक रोगहरुको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जनहितमा जारी गरिने सन्देशहरु स्थानीय सञ्चार माध्यमहरुबाट प्रसारण गर्ने व्यवस्था मिलाइनेछ,

५. आइसोलेसन र क्वारेन्टीन कक्षका बेडलाई आवश्यकता अनुसार विस्तार गरिनेछ,

६. कोभिड-१९ को संक्रमण व्यवस्थापन सम्बन्धी स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुवीच अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ,

७. खोप सेवा र गाउँघर क्लिनिक सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,

८. शहरी स्वास्थ्य केन्द्रहरुको सेवालाई प्रभावकारी र आवश्यकताको आधारमा विस्तार गर्दै लगिनेछ,

९. रोग पहिचानका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत् सञ्चालन गरिएको ल्याव सेवालाई निरन्तरता दिइनेछ र प्रभावकारीताका आधारमा अन्य स्वास्थ्य चौकीहरु मार्फत् समेत सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउँदै लगिनेछ,

१०. वार्ड नं.२ को ठुलाछापमा १५ शैय्या क्षमताको अस्पताल स्थापना गर्न पहल गरिनेछ,

११. वर्थिङ सेन्टरहरुमा हुने सुरक्षित प्रसुती सेवालाई प्रोत्साहन गर्ने र घरमा हुने प्रसुती सेवालाई निरुत्साहित गरिनेछ,

१२. सर्ने तथा नसर्ने रोगको बारेमा जनप्रतिनिधीहरु , स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुबीच अन्तर्क्रिया कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ,

१३. महिला स्वास्थ्य स्वयं सेविकाको माध्यमबाट स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

१४. नगर क्षेत्रभित्र रहेका विपन्न , जेहेन्दार तथा अशक्तहरुलाई एच.ए. , स्टाफ नर्स, ल्याब टेक्निसियन, असिस्टेन्ट इञ्जिनियर विषयहरु अध्ययन गर्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ,

१५. बिभिन्न NGO/INGO हरुबाट नगर क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमहरु नगरपालिकाको समन्वय र स्वीकृतिमा मात्र सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

१६. महिला स्वास्थ्य स्वयं से विकाहरुलाई साविकमा दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ,

१७. औषधीजन्य जडीवुटीहरुको अध्ययन तथा प्रयोग ,योग शिक्षा र योग शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(छ) महिला, वालवालिका तथा ज्येष्ठ नागरिकः**

१. बालबालिका तथा किशोर किशोरीहरु लक्षित अतिरिक्त क्रियाकलापहरु सञ्चालनको माध्यमबाट बौद्धिक विकासमा जोड दिइनेछ,

२. महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुमा हुने हिंसा अन्त्यका लागि निरोधात्मक तथा उपचारात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ,

३. नगरक्षेत्र भित्रका असहाय, अनाथ, सुस्त मनस्थिती तथा संरक्षक विहीन बालवालिका हरुको पहिचान गरी उनिहरुको संरक्षणका लागि कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ,

४. लैङ्गिकमैत्री सूचक तयारी तथा कार्यान्वयनको माध्यमबाट नगरलाई लैङ्गिकमैत्री बनाउन पहल गरिनेछ,

५. सरोकारवालाहरुसँगको सहकार्यमा बालविवाह , मानव बेचविखन तथा ओसारपसार , लैङ्गिक हिंसा,यौन हिंसा नियन्त्रण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ,
६. लैगिक हिंसा न्यूनीकरण अभियानमा सवै वडामा परिचालित मनोसामाजिक कार्यकर्ताहरुको सेवालाई निरन्तरता दिईनेछ,
७. बालमैत्री स्थानीय शासनको नीतिलाई कार्यान्वयन गरिनेछ,
८. महिलाहरुको आर्थिक रुपान्तरणका लागि महिला सहकारीहरु मार्फत् साझा व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गरी उद्यमशिलता विकासमा जोड दिईनेछ,
९. सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा समुदायमा आधारित पुनः स्थापना कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,
१०. अपाङ्गता भएका व्यक्तिहरुको प्रकृति र रुची अनुसारका सीपमूलक र व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरमा पहुँच विस्तार तथा स्वरोजगारको अवसर सिर्जना गर्न घुम्तीकोषको व्यवस्था गरिनेछ,
११. कोरोना भाइरस कोभिड-१९ तथा अन्य महामारीको कारण वैदेशिक रोजगारीबाट आफ्नो घर फर्किएका विपन्न तथा जोखिमयुक्त महिलाहरुलाई लक्षित गरी विभिन्न सीपमुलक तालिमको व्यवस्था गरिनेछ,
१२. “विपदको वेला जहिले , जोखिममा रहेका समुह पहिले ” भन्ने नारालाई आत्मसात गरी विपद्को जोखिमबाट बढी प्रभावित हुने गर्भवती , सुत्केरी महिलाहरुलाई आवश्यकतामा आधारित स्वास्थ्य तथा पोषण सामग्री सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ,
१३. ज्येष्ठ नागरिक र अपा ङ्गता भएका व्यक्तिमा देखिने अल्जाइमर , स्पाइनलकर्ड इन्जुरी, अटिजम, पार्किन्सन जस्ता रोगहरुको बारेमा सचेतना जगाउने कार्यक्रम स ञ्चालन गरिनेछ,
१४. ज्येष्ठ नागरिकहरुको लागि मनोरञ्जन तथा अनुभव आदान /प्रदानका लागि दिवासेवा केन्द्र खोली सञ्चालनमा ल्याइने र केन्द्रमा रहने ज्येष्ठ नागरिकहरुको नि :शुल्क स्वास्थ्य परीक्षण गरिनेछ,
१५. विपन्न एकल पुरुषको तथ्याङ्क संकलन गरिनेछ,
१६. हिंसा पीडितहरुलाई आयआर्जन तालीमको व्यवस्था मिलाइनेछ,
१७. सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा कोभिड -१९ लगायतका कारण मनोसामाजिक समस्यामा परेका व्यक्ति लगायतका अन्य असहज मृत्यु तथा आत्मा

हत्याको बढ्दो प्रवृत्तिको कारण पत्ता लगाई उक्त कार्यलाई निरुत्साहित गर्न अनुसन्धानात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ,

१८. श्रीमान वेपत्ता भएको ५ वर्ष भन्दा बढी समय व्यतीत भएका, श्रीमानले त्यागी अलपत्र परेका असहाय महिलाहरुको तथ्याङ्क संकलन गरी आवश्यकता अनुसारको सीप तथा रोजगारमूलक एवम् सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ज) संस्कृति प्रवर्द्धनः**

१. नगरवासी सबै जातजाति /समुदायहरुको आ –आफ्नो मौलिक भाषा , संस्कृति तथा परम्पराहरुको जगेर्ना एवम् सांस्कृतिक पहिचानको संरक्षणका लागि पहल गरिनेछ,

२. लोपोन्मुख अवस्थामा रहेको जन्तरखानीको मगर , रुम्जाटारको गुरुङ र ओखलढुङ्गा बजारको नेवार भाषा सिकाईको विकासका लागि पहल गरिनेछ,

३. सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सृजना गरिने छ,

४. कला र साहित्यको सिर्जना तथा प्रवर्द्धन गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

**(झ) खानेपानी तथा सरसफाईः**

१. नगरका सबै क्षेत्रमा स्वच्छ खानेपानीको सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ,

२. नगरवासीमा आधारभूत स्तरको सरसफाई तथा शौचालय सुविधाको सुनिश्चित गरिनेछ,

३. नगरपालिकालाई ३ वर्षभित्र पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्न आवश्यक तयारी गरिनेछ,

४. सार्वजनिक स्थलहरुको सरसफाई तथा संरक्षण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ,

५. नगरपालिकाका विभिन्न वडामा सञ्चालनमा रहेका सहलगानीका योजनाहरुको कार्यान्वयनलाई निरन्तरता दिइनेछ,

६. सदरमुकामको खानेपानी वितरण प्रणालीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न योजना बनाई कार्यान्वयनमा ल्याइनेछ,

७. नगरस्थित विभिन्न खानेपानी उपभोक्ता समितिहरुलाई नगर मातहतमा ल्याइनेछ,

८. सरोकारवालाहरुसँगको समन्वयमा खानेपानी महशुलको दर निर्धारण गरिनेछ ।

**(ञ) सामाजिक सुरक्षाः**

१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका व्यक्तिहरुको मूल अभिलेखलाई EMIS प्रणालीमा प्रविष्ट गरी सोही प्रणाली मार्फत नै नयाँ नामदर्ता , नवीकरण र लगत कट्टा गरिनेछ,

२. नगरस्थित सबै बैंकहरुसँगको समन्वयमा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भूक्तानी गर्ने व्यवस्था गरिनेछ,

३. अपाङ्गता भएका व्यक्तिहरुका लागि उद्यमशीलता र स्वरोजगारीको अवसरको वातावरण सृजना गरिनेछ,

४. सार्वजनिक भौतिक संरचनाहरुको निर्माण गरिदा अपाङ्गमैत्री बनाइनेछ,

५. जोखिममा रहेका ज्येष्ठ नागरिक लक्षित संरक्षणनीति कार्यान्वयन गर्ने र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ,

६. बढीमा दुई मात्र छोरीको जन्म भएपछि स्थायी परिवार नियोजन गरेका वा प्रजनन उमेर पार गरी सकेका दम्पत्तिलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ,

७. ज्येष्ठ नागरिक स्याहार तथा हेरचाह केन्द्र , मनोरञ्जन पार्क, धार्मिक तथा आध्यात्मिक पार्क, खेलकूद मैदान क्रमिक रुपमा स्थापना तथा विस्तार गरिनेछ।

**(ट) युवा तथा खेलकुदः**

१. युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरी परिवार , समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवम् श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरुसञ्चालन गरिनेछ,

२. नगरस्तरीय खेलकुद विकास समितिको गठन गरी विभिन्न नगरस्तरीय खेलको आयोजना गरिनेछ,

३. "एक वडा एक खेलमैदान " अभियान अन्तर्गत प्रति वार्ड एक खेलमैदान निर्माण कार्यलाई प्राथमिकता दिइने छ,

४. खेलकूद विकासका लागि विद्यालय तह देखिनै योजनावद्ध कार्यक्रम सञ्चालनको माध्यमबाट विभिन्न विधाका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनेछ,

५. एक स्थानीय तह एक खेलकूद मैदान कार्यक्रम अन्तर्गत वार्ड नं. १२ मा रहेको स्थानीय खेलकूद मैदानको विस्तृत आयोजना प्रतिवेदन ( DPR) बमोजिमको पूर्वाधार निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग अनुदान माग गरिनेछ।

**(ठ) पूर्वाधार विकासः**

१. नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन ( DPR) बमोजिम भवन निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष अनुदान माग गरिनेछ,

२. नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुदान माग गरिनेछ ,

३. कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ती गरी वडा कार्यालय भवन निर्माण गर्ने व्यवस्था गरिनेछ,

४. खोप केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि भवन नभएका स्थानहरुमा भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्त गरी भवन निर्माण गर्ने व्यवस्था गरिनेछ ।

**(ड) सडक तथा पुलः**

१. नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरी आवश्यक स्थानहरुमा मर्मत स म्भारको कार्य सडकबोर्ड नेपालबाट प्राप्त हुने अनुदान र नगरपालिका अन्तर्गतको मर्मत सम्भार विशेष कोषबाट गर्ने व्यवस्था मिलाइनेछ,

२. नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुको केन्द्र र नगरका मूख्य व्यापारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना सञ्चालनमा आउने गरी स्तरोन्नति गर्न प्राथमिकता दिइनेछ,

३. नगरक्षेत्रभित्र निर्माण भई सञ्चालनमा आएका पुलहरुको संरक्षणको व्यवस्था मिलाईनेछ,

४. झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ,

५. राजमार्ग बाहेकका नगरक्षेत्रका सडकले ओगटेको जग्गाको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ,

६. यस अघि कार्य आरम्भ भई हालसम्म कार्य सम्पन्न नभएका सडकहरुलाई क्रमागत रुपमा सम्पन्न गर्ने , नयाँ सडकको ट्र्याक खोल्ने कामलाई निरुत्साहित गर्ने र पुराना सडकहरुको स्तरोन्नती गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ,

७. नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन (DPR)लाई मुख्य आधार बनाइने छ,

८. नगरक्षेत्र भित्र आवश्यक पर्ने पक्की पुल निर्माणका लागि संघीय र प्रदेश सरकारसँग माग गरिनेछ ।

**(ढ) सिंचाईः**

१. सिंचाई सेवा उपलब्ध गराउन सतह सिंचाईका बहुउद्देश्यीय आयोजनाहरुलाई प्राथमिकता दिईनेछ,

२. निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ,

३. आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि उपयोग गरिने छ,

४. सुख्खा तथा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलन , आहाल र प्लाष्टीक पोखरी कार्यक्रम सञ्चालन गरी जैविक विविधताको संरक्षण गर्न पहल गरिनेछ,

५. स्वीस सरकारको सहयोगमा नगरक्षेत्रमा सञ्चालन भइरहेको साना सिंचाई कार्यक्रम (SIP) लाई निरन्तरता दिन सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।

**(ण) भवन तथा शहरी विकासः**

१. नगरको मुख्य बजार लगायत अन्य सम्भावित बजारक्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गरी मात्र अनुमति दिइनेछ,

२. भवन निर्माण कार्यमा सम्लग्न कालिगढहरुलाई तालीमको व्यवस्था मिलाइनेछ,

३. ओखलढुङ्गा सदरमुकाम र रुम्जाटारमा लाग्ने हाट बजारकोलागि पूर्वाधार निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग अनुरोध गरिनेछ,

४. रमाइलो डाँडास्थित बसपार्कको लागि जग्गा हस्तान्तरण गर्ने प्रकृया अगाडि बढिरहेको र नेपाली सेनाबाट जग्गा हस्तान्तरण प्रकृया पुरा भएपछि उक्त स्थानमा बसपार्क निर्माण गर्ने प्रकृया अगाडि बढाईनेछ,

५. नगरपालिकाले सञ्चालन गर्दै आइरहेको बिपन्नलाई टिनको छाना कार्यक्रमलाई निरन्तरता दिइनेछ,

६. सदरमुकामको वस्ती विकासलाई व्यवस्थित गर्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ ।

**(त) विद्युतः**

१. सडकको भू -भागमा अवस्थित विद्युत पोलको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ,

२. हालसम्म विद्युत सेवा नपुगेका स्थानहरुमा उच्च प्राथमिकताका साथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरी सबै वडाका वस्तिहरुमा आगामी वर्ष भित्र विद्युत विस्तार गरिसक्ने नीति अवलम्बन गरिने छ,
३. नगरभित्रका महत्वपूर्ण सडकहरुमा विद्युत तथा सौर्य बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**(थ) सञ्चार तथा सूचना प्रविधिः**

१. ल्याण्ड लाइन टेलिफोनको सुविधा पुग्न बाँकी वडाका केन्द्रसम्म ल्याण्ड लाइन टेलिफोन सेवा बिस्तार गर्न पहल गरिनेछ,
२. नगरपालिकासँग सम्बन्धित सूचनामा नागरिकको पहुँचका लागि नगरसँग सम्बन्धित सूचना नगरपालिकाको वेवसाईट तथा पत्रकार भेटघाट कार्यक्रम तथा सूचना अधिकारीको माध्यमबाट मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ,
३. नगरबासी सरोकारवालाहरुको अध्ययन तथा अध्यापन सहजताका लागि नगरपालिकामा पुस्तकालय सञ्चालन गरिने छ र पुस्तकालय स्थापना कार्यलाई वडा कार्यालयहरुमा पनि विस्तार गर्दै लगिने छ,
४. सूचना प्रविधिको विस्तारका लागि सवै वडामा इन्टरनेट सेवा बिस्तार गर्न आवश्यक व्यवस्था गरिनेछ,
५. कार्यालयको दैनिक प्रशासनिक कार्य र सेवा प्रवाहलाई पेपरलेस अवधारणा अनुरुप कार्यान्वयन गरिनेछ,
६. स्थानीय पत्रपत्रिका तथा एफ.एम.रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ,
७. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको सहयोगमा नगर क्षेत्रको सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढिकरण गरिनेछ ।

**(द) वन तथा भू-संरक्षणः**

१. नगरपालिका क्षेत्र भित्रका सडकहरुको आसपासमा फलफुल तथा डाले घाँसहरुको विरुवा लगाई सडकको सौन्दर्य वढाउनुका साथै वन तथा वातावरण संरक्षणमा जोड दिइनेछ,
२. वनक्षेत्रभित्र सडक निर्माण गर्दा वातवरणीय प्रभाव मूल्याङ्कन गरिएका सडकलाई प्राथमिकता दिइनेछ,
३. सार्वजनिकस्थल, पार्क तथा वनस्पती उद्यान निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरिनेछ,

४. वातावरणसँग सम्बन्धित बिषयमा विद्यालयस्तरमा सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

५. सरोकारवालाहरु सँगको समन्वय र साझेदारीमा खाली र नाङ्गा जग्गामा वृक्षारोपण अभियान संचालन गरिनेछ,

६. एक वडा एक पार्क अभियानलाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ,

७. जैविक मल निर्माण तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ,

८. वडा स्तरमा रहेका प्राकृतिक पोखरीहरुको संरक्षण र सम्बर्द्धन कार्य लाई अभियानको रुपमा सञ्चालन गरिने छ।

**(ध) जलाधार संरक्षणः**

१. सरोकारवालाहरु सँगको समन्वय र साझेदारीमा जलाधार संरक्षण र सम्बर्द्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरी प्राकृतिक स्रोतहरु मासिने तथा प्रभावित हुने कार्यक्रमलाई निरुत्साहीत गरिनेछ,

२. सरोकारवालाहरु सँगको समन्वय र सहकार्यमा भू -क्षय नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(न) जलवायु परिवर्तनः**

१. नगरस्थित सबै वडाहरुमा जलवायु परिवर्तन सम्वन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,

२. सरोकारवालाहरु सँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(प) फोहोरमैला व्यवस्थापनः**

१. Zero Landfieldsite को अवधारणा अनुसार फोहोरमैला व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारीको प्रक्रिया अवलम्बन गरिनेछ,

२. प्रदुषकले कर तिर्नु पर्दछ भन्ने सिद्धान्त बमोजिमको संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ,

३. सार्वजनिक स्थलहरुमा शौचालय निर्माण गर्ने कार्य अगाडि बढाईने छ,

४. प्राङ्गारिक मल उत्पादनका माध्यमबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम अन्तर्गत "आफ्नो ठाउँ आफै सफा गरौं " अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

५. प्रत्येक स्वास्थ्य संस्थाबाट संकलन भएका फोहोरमैलाको उचित व्यवस्थापन गर्न प्रत्येक स्वास्थ्य संस्थामा Incinerator को व्यवस्था गरिने छ,
६. वजारक्षेत्रका घर निर्माण कर्ताबाट सिर्जित फोहर व्यवस्थापन गर्ने दायित्व निर्माण कर्तकै हुने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ,
७. नगरक्षेत्रमा प्लास्टिक तथा सिसाजन्य वस्तुहरुको संकलनको व्यवस्थापन गरी जथाभावी प्लास्टिक तथा सिसाजन्य वस्तुहरु फाल्ने प्रवृत्तिलाई रोक लगाइनेछ,
८. सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरी फोहरमैला व्यवस्थापन गर्न पहल गरिनेछ ।

**(फ) विपद् व्यवस्थापनः**

१. नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील गराईनेछ,
२. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ,
३. नगरपालिकामा आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गरी क्रियाशिल गर्ने र केन्द्रमा आवश्यकता अनुसारका राहात सामाग्री भण्डारण गरिनेछ,
४. नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ,
५. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
६. विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उ द्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामाग्री र विपद् व्यवस्थापन कोषको परिचालनको माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ ।

**(ब) मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासः**

१. नेपाल सरकार तथा विभिन्न दातृ निकायको सहयोगमा सञ्चालन भएका गरीवी निवारणसँग सम्वन्धित कार्यक्रमलाई पुन सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ,
२. कार्यालयको प्रवेश द्धारमा कार्यालय अन्तर्गतका शाखा , उपशाखाहरुको पहिचान र सम्वन्धित शाखा, उपशाखाहरुबाट उपलब्ध हुने सेवा सुविधाहरुको बारेमा सेवाग्राहीलाई पूर्व जानकारी दिने सूचना बोर्ड राखिनेछ,
३. नगरकार्यपालिका र मातहतका वडा कार्यालयहरुबाट उपलब्ध हुने वस्तु तथा सेवाहरु प्राप्त गर्न पुरा गर्नु पर्ने प्रक्रिया, सेवा लिन लाग्ने समय, लाग्ने दस्तुर र सेवा प्रवाह गर्न जिम्मेवारी तोकिएको सेवा प्रदायकको बिवरण सहितको नागरिक बडापत्रलाई

अद्यावधिक गरी कार्यालयमा सबैले देख्नसक्ने गरी राख्ने र कार्यालयको वेबसा ईटमा समेत राख्ने व्यवस्था गरिनेछ,

४. सुशासन, पारदर्शिता र जवाफदेहीताको प्रत्याभूति दिनका लागि सञ्चालन गरिने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण , आवधिक समिक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,

५. आन्तरिक लेखापरीक्षण तथा बार्षिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजुलाई यथा समयमा फर्छ्यौट गर्ने र प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई कार्यान्वयनमा ल्याइनेछ,

६. PLGSP सँगको साझेदारीमा सुशासन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ,

७. नगरक्षेत्रमा सञ्चालन गरिने सबै प्रकारका आयोजना तथा कार्यक्रमहरुको अनुगमन एकीकृत रुपमा गरिनेछ,

८. वडा स्तरीय बजेट तथा कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरु यस कार्यालय मातहतको सम्वन्धित शाखासँगको समन्वयमा मात्र सञ्चालन गरिनेछ,

९. संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गतका कार्यालयहरुवाट यस नगरक्षेत्र भित्र सञ्चालन हुने विकास नि र्माण तथा अन्य सेवा प्रवाहका कार्यक्रमहरु कार्यान्वयनको क्रममा नगरपालिकासँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

१०. नगरकार्यपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आधारभूत तथा क्षमता अभिवृद्धि सम्बन्धी तालीम सञ्चालन गरी थप जिम्मेवार र जवाफदेही बनाइनेछ,

११. यस नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि , २०७६ बमोजिम नगर प्रहरी भर्ना गरी नगरस्थित सार्वजनिक स्थलहरुको संरक्षण , स्थानीय न्यायिक समिति, नगर कार्यपालिका तथा नगर सभाबाट भएका निर्णय कार्यान्वयन गराउने कार्य लगायत विपद् प्रतिकार्यको कार्यमा परिचालन गरिनेछ ।

**(भ) राजश्व परिचालनः**

१. करको दायरालाई पुनरावलोकन गरी विस्तार गर्ने र करको दरलाई परिमार्जन गरी लागु गरिनेछ,

२. लकडाउनको कारण नगर क्षेत्रभित्रका व्यवसायीमा पर्न गएको मर्कालाई मध्यनजर गरी २०७७ असार मसान्तभित्र बुझाउनुपर्ने कर दस्तुरलाई आगामी आ.व.को पहिलो चौमासिक अवधिभरमा बुझाउँदा जरीवाना नलाग्ने व्यवस्था गरिनेछ,

३. नगरपालिकाले संकलन गर्दै आइरहेको कर तथा दस्तुरको सम्वन्धमा करदाताहरुलाई लक्षित गरी  करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,
४. नगरक्षेत्रभित्र सञ्चालनमा आएका र आउने प्रत्येक वैंक   , वित्तिय संस्था, विमा कम्पनी लगायत विभिन्न निजि क्षेत्रवाट सञ्चालित संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याइनेछ ।

**(म) वित्तीय व्यवस्थापन तथा वित्तीय जोखिम न्यूनिकरणः**

१. आय-व्ययको लेखा र खरिद प्रणालीलाई थप प्रभावकारी व्यवस्थित र पारदर्शी बनाईने छ,
२. विकास आयोजनाहरुको ठेक्कापट्टा समयमै गर्ने तथा विद्युतीय बोलपत्र (E-Biding)लाई प्राथमिकता दिइनेछ,
३. एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई सोही आ.व.मा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ,
४. विगतको वेरुजुलाई फ र्छ्यौटको दायरामा ल्याई फ र्छ्यौट गर्न र वेरुजु नियन्त्रण गरी शून्य बेरुजुको नीति कार्यान्वयन गर्न आन्तरिक लेखा परीक्षण तथा आर्थिक कारोवारसँग सम्वन्धित अधिकारीलाई जिम्मेवार बनाउनुका साथै शून्य पेश्की एवं शून्य वेरुजु नीति अवलम्बन गरिने छ,
५. नगरपालिकालाई प्राप्त कन्टेन्जेन्सीबाट भएका खर्चको छुट्टै अभिलेख राख्ने व्यवस्था गरिनेछ,
६. सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाइनेछ,
७. वित्तिय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ,
८. निरन्तर रुपमा बृद्धि हुँदै गएको चालु खर्चलाई न्यूनीकरण गर्ने उपाय अवलम्वन गरिने छ ।

**(य) श्रम र रोजगारः**

१. स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा रोजगारी र गरिवी निवारण सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ,
२. सरोकारवालाहरु सँगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरि अधिक रोजगारी श्रृजना गर्न पहल गरिनेछ,

३. कोभिड १९ को प्रभावका कारण रोजगारीको अवसर गुमेका तथा सोही कारणबाट वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गराई अल्पकालीन रोजगारीको व्यवस्था मिलाइनेछ,
४. दक्ष श्रमिक, कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनको नीतिलाई कार्यान्वयन गरिनेछ,
५. स्थानीय श्रोत साधनको अधिकतम उपयोग , दक्ष जनशक्ती निर्माण , तालीम र क्षमता विकास तथा उद्यमशील वातावरण निर्माण गरी रोजगारीको सिर्जना गर्न पहल गरिनेछ,
६. वेरोजगार युवाहरुलाई लक्षित गरी घरेलु तथा साना रमझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ,
७. नगर क्षेत्रमा बालश्रम निषेधका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगर सभाका सदस्यज्यूहरु,**

प्रस्तुत आ.व.०७७।०७८ को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सवै पक्षको सल्लाह सुझावलाई समेटने प्रयास गरेको छु । यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि , कर्मचारी,निजी क्षेत्र संघ /संस्था, नगरमा रहनु हुने बुद्धिजीवि वर्ग , पत्रकार लगायत सबै सरोकारवाला महानुभावहरु सहित सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रम तयार गर्नसहयोग पुर्याउनु हुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

१० आषाढ, २०७७

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख

**(ख) बार्षिक बजेट वक्तव्यको विस्तारित बिवरणः**

छैठौं नगर सभाका श्रद्धेय अध्यक्षज्यू,

सभासदज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको शासकीय स्वरुप बमोजिम आज आरम्भ भएको यस नगरपालिकाको छैठौं नगर सभा समक्ष बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतबाट नगरपालिकाको आगामी आर्थिक बर्ष ०७७।७८ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा गौरव महशुस गर्दै यो अवसर मिलेकोमा सभाध्यक्षज्यू तथा गरीमामय सभाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विभिन्न राजनैतिक दलका शीर्ष नेताहरुको सुझवुझपूर्ण नेतृत्व र तमाम् नेपालीहरुको त्याग तथा बलिदानीपूर्ण इतिहासको पृष्ठभूमीमा संविधान सभाबाट जनताका प्रतिनिधिले लोकतान्त्रिक अधिकार, आर्थिक समृद्धि र राष्ट्रिय एकताका लागि बनाएको नेपालको संविधान, २०७२ असोज ३ गते जारी भएको व्यहोरा हामी सबैमा विदितै छ । हाल हामी सोही संविधानको मर्म र भावनाबाट निर्देशित भई संघीयता कार्यान्वयनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकासी समग्र देशलाई नै समृद्धिको बाटोतर्फ लैजाने जिम्मेवारी र अभियानमा रहेका छौं । यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन वलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

बजेट कार्यक्रम तर्जुमाको क्रममा नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन , स्थानीय तहको बजेट कार्यक्रम तर्जुमा सम्बन्धी दिग्दर्शन , दिगो विकास लक्ष्यले समेटेको रणनीति, सम्वन्धित मन्त्रालयगत तथा विभागीय नीति , निर्देशन समेतबाट निर्देशित भई सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाबाट नगरपालिकाको बजेट कार्यक्रम तयार गर्ने गरिएकोमा यस पटकको बजेट तर्जुमा प्रक्रियाको क्रममा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण विस्तारलाई न्यूनीकरण तथा रोकथामका लागि नेपाल सरकारले गरेको लकडाउन र व्यक्ति -व्यक्तिले पालना गर्नुपर्ने सुरक्षा सम्बन्धी निर्देशनहरुको कारण बजेट निर्माण प्रक्रियामा आम भेलाको आयोजना गर्न नसकिएको भएतापनि सम्बन्धित क्षेत्रका स्थानीय जनप्रतिनिधि मार्फत् नागरिक समाजका अगुवा तथा सरोकारवालाहरुको समन्वयमा सम्बन्धित वर्ग र क्षेत्रको आवश्यकता एवम् भावनालाई यथोचित रुपमा सम्बोधन गर्ने गरी बजेट कार्यक्रम तर्जुमा गरिएको व्यहोरा समेत अनुरोध गर्दछु।

**अध्यक्ष महोदय,**

**अब म आगामी आ.व. ०७७।७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. कोभिड-१९ को संक्रमणको रोकथाम तथा महामारीको प्रभावलाई न्यूनीकरण गर्दै नगरवासी जनताको जीवनलाई सहज र सुरक्षित बनाउने,

२. कोभिड-१९ को उच्च जोखिममा रहेका महिला , किशोर किशोरी , बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति , पिछडिएका क्षेत्र र समुदायलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिने,

३. कोभिड-१९ को प्रभावका कारण रोजगारीको अवसर टुटेका युवाहरुलाई स्थानीय स्रोत साधनको उपयोगको माध्यमबाट स्वरोजगार मूलक क्रियाकलापमा आवद्ध गराउन जोड दिने,

४. लैङ्गिक असमानता , वञ्चितिकरण, जातीय भेदभाव , कुसंस्कार र सामाजिक विकृती जस्ता मानवीय मूल्य मान्यता विपरितका क्रियाकलापलाई निरुत्साहित गर्दै न्यायपूर्ण समाज निर्माणमा जोड दिने,

५. बहुबर्षिय, विस्तृत आयोजना प्रतिवेदन ( DPR) तयार भई सकेका , लागत साझेदारीमा सञ्चालन हुने, कम लागतमा बढी प्रतिफल प्राप्त हुने, स्थानीय जनतासँग प्रत्यक्ष सरोकार राख्ने र आर्थिक उपार्जनको क्रियाकलाप मार्फत् रोजगारीको अवसर सिर्जना गरी आत्मनिर्भर हुने खालका आयोजना बाहेकका अन्यआयोजनाहरु सञ्चालन गर्न पहिलो प्राथमिकता दिने,

६. कृषि क्षेत्रमा रहेको परम्परागत ज्ञान र सीपलाई आधुनीकिकरणको माध्यमबाट व्यवसाय उन्मुख गराई दीगो आर्थिक वृद्धि हासिल गर्न जोड दिने,

७. पर्यटन प्रवर्द्धन गरी नगरको आन्तरिक आय तथा स्थानीय जनताको आयस्तर उकास्न सहयोग गर्ने,

८. उपलब्ध स्रोत साधनको समुचित उपयोग र प्रभावकारी कार्यान्वयन गरी नगरवासीलाई सुशासनको प्रत्याभूति दिने ।

**बजेटका माथि उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका क्रियाकलापहरु सम्पादन गरिनेछन् ।**

१. आवधिक कार्ययोजना बनाई बजेट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र कार्यान्वयन कार्यलाई जिम्मेवार कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनसँग जोड्ने,

२. अनुगमन, सुपरीवेक्षण र आवधिक समीक्षा प्रणालीलाई थप प्रभावकारी बनाउने,

३. स्वीकृत आयोजनाहरु कार्यान्वयनका लागि आर्थिक बर्षको माघ मसान्तभित्र सम्झौता गरी कार्य आरम्भ नगर्ने आयोजनाहरुको बजेट खारेज गरी नगरपालिकाको हिउँदे सभा (अधिवेशन) बाट अर्को आयोजनामा रुपान्तरण गर्ने व्यवस्था मिलाउने ।

**अध्यक्ष महोदय,**

अब म यसनगरपालिकाको आर्थिक बर्ष ०७५ /७६ को यथार्थ आय -व्यय र चालु आर्थिक बर्ष ०७६/७७ को संशोधित आय-व्यय बिवरण प्रस्तुत गर्न चाहन्छु ।

१. आर्थिक बर्ष ०७५ /७६ को यथार्थ आयतर्फ रु. ६२ करोड ६५ लाख ६५ हजार २१ रुपैयाँ ९० पैसा रहेको छ भने व्ययतर्फ ५७ करोड २२ लाख ५३ हजार ६ सय ५९ रुपैयाँ ८८ पैसा रहेको छ,

२. चालु आर्थिक बर्ष ०७६ /७७ को अनुमानित बजेट ६१ करोड ३३ लाख ९९ हजार मध्ये हालसम्मको आय रु.५४ करोड ८० लाख ६० हजार ८ सय ५१ रुपैयाँ ४९ पैसा रहेको छ भने व्ययतर्फ ४५ करोड ७५ लाख ६५ हजार ४ सय ९० रुपैयाँ १२ पैसा रहेको छ,

३. अब म आगामी आर्थिक बर्ष ०७७।७८ को प्रस्तावित आय -व्ययको संक्षिप्त बिवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटको बार्षिक क्रियाकलापगत बिवरण अनुसूचीमा सम्लग्न गरिएको छ ।

**आयतर्फः**

| विवरण | बजेट रु. |
|---|---|
| आन्तरिक राजश्वबाट प्राप्त हुने | १,८६,१९०००।– |
| संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाटबाट प्राप्त आय | ८,२५,७२,७५०।– |
| संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | १०,७२,०००००।– |
| **संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानः** | |
| शिक्षा, युवा तथा खेलकूद कार्यक्रम | २०,६२,०००००।– |
| स्वास्थ्य सेवा कार्यक्रम | ५,४३,०००००।– |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम | ४४,००,०००।– |
| लघु उद्यम विकास कार्यक्रम | ३८,००,०००।– |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | १२,००,०००। |

| | |
|---|---|
| पर्यटन पूर्वाधार विकास कार्यक्रम | १०,००,०००।– |
| झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ४५,००,०००।– |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३,००,०००।– |
| गरीव घर परिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम | २४,००,०००।– |
| कृषि विकास कार्यक्रम | ३८,००,०००।– |
| पशुपंक्षी विकास कार्यक्रम | ५५,००,०००।- |
| महिला,बालबालिका तथा ज्येष्ठ नागरिक कार्यक्रम | ३,००,०००।– |
| सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ९,००,००,०००।– |
| **संघीय सरकारबाट प्राप्त हुने बिशेष अनुदानः** | |
| कृषि उपज चिस्यान केन्द्र निर्माण जन्तरखानी | ३३,००,०००।– |
| संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदानः | |
| सिद्धिचरण राजमार्गबाट कारागार हुँदै रुम्टी जाने सडक स्तरोन्नति | ६८,००,०००।– |
| **प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदानः** | |
| मिलनचोक-खाद्य गोदाम-जिल्ला प्रशासन कार्यालय-हुलाक डाँडाहाट क्षेत्र-साल्मे खोरिया-कृष्ण मन्दिर-रमाइलोडाँडा-कमेरे सडक स्तरोन्नति | ५०,००,०००।– |
| स्रष्टा पार्क र शहीद स्तम्भ क्षेत्र पर्यटकीय पूर्वाधार निर्माण | ५०,००,०००।– |
| प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | ७१,७१,०००।– |
| प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन करको बाँडफाँट हिस्सा | ९३,७५,०००।– |
| चालु आ.व.मा खर्च हुन बाँकी रकम आगामी आ.व. लाई जिम्मेवारी सर्ने | २,६८,०७,२००।– |
| लकडाउनको प्रभावले चालु आ.व.मा सञ्चालन हुन नसकी आगामी आ.व.मा सञ्चालन गरिने आयोजनाहरु | ३,३१,९२,८००।- |
| **कुल रु.** | **६८,८७,३७,७५०।–** |

**व्ययतर्फः**

| विवरण | बजेट रु. |
|---|---|
| चालु खर्च | १०,२०,००,०००।- |
| वडा स्तरीय आयोजनाहरुको पूँजिगत कार्यक्रम | ४,८०,००,०००।- |
| बिषयगत शाखाहरुबाट सञ्चालन हुने कार्यक्रम | २,१४,६७,७१०।- |
| सशर्त अनुदान अन्तर्गतका कार्यक्रम | २९,३७,००,०००।- |
| संघीय समपुरक अनुदान कार्यक्रम | ६८,००,०००।- |
| संघीय विशेष अनुदान कार्यक्रम | ३३,००,०००।- |
| प्रदेश समपुरक अनुदान | १,००,००,०००।- |
| अन्य पूर्वाधार विकास कार्यक्रम | ३,५६,००,०००।- |
| नपा पूजीँगत कार्यक्रम | ६४,००,०००।- |
| सामाजिक क्षेत्र विकास कार्यक्रम | ८४,९०,०००।- |
| सामाजिक सुरक्षा कार्यक्रम | ९,००,००,०००।- |
| आकस्मिक कार्यका लागि मेयर कोष | ३०,००,०००।- |
| संरक्षण बिषयगत क्षेत्र कार्यक्रम | २४,००,०००।- |
| विपद् व्यवस्थापन | २५,००,०००।- |
| समपुरक अनुदान | २,१८,८७,२४०।- |
| लकडाउनको प्रभावले चालु आ.व.मा सञ्चालन हुन नसकी आगामी आ.व.मा सञ्चालन गरिने आयोजनाहरु | ३,३१,९२,८००।- |
| **जम्मा** | **६८,८७,३७,७५०।-** |

**अध्यक्ष महोदय,**

बजेट तर्जुमा प्रकृयाको क्रममा मार्गनिर्देश गर्नु हुने नगर प्रमुखज्यू , प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्ययूहरु लगायत बजेट तयारीको क्रममा नगरस्थित राजनैतिक दलका पदाधिकारीहरु , स्थानीय वुद्धिजीविहरु , निजि क्षेत्रका पदाधिकारीहरुबाट प्राप्त सुझाव प्रति हार्दिक आभार व्यक्त गर्दै बजेट कार्यक्रमलाई लिपिवद्ध

गर्ने कार्यमा सक्रिय सहयोग गर्नुहुने नगरपालिकाका सम्वद्ध कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

**अन्तमा,**

कोरोना भाइरस (कोभिड -१९) को संक्रमण तीब्र रुपमा फैलिईरहेको हालको अवस्थामा नेपाल सरकारले अनुरोध गरे बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु अपनाई भाइरसको संक्रमणबाट बच्न र नगरको समग्र विकास प्रकृयामा सहभागी हुनका लागि नगरवासीहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

१० असार, २०७७

इच्छा कुमारी गुरुङ
नगर उपप्रमुख एवं संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति

१०. नगर कार्यपालिकाको मिति २०७६।१०।१४ को बैठकको निर्णय नं.२ बमोजिम यस नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि साविक ओखलढुङ्गा गाउँ विकास समिति वार्ड नं.६ हाल यस नगरपालिका अन्तर्गत वार्ड नं. १२ स्थित कि.नं. २९० को सार्वजनिक जग्गाबाट ० –१०–०–० रोपनी र सोही जग्गासँग जोडिएको हालको बालमन्दिर आधारभूत विद्यालय ओखलढुङ्गामा विद्यालयको पूरै कक्षा गाभिएर गई खाली रहेको साविक सगरमाथा जनता प्रा.वि. ओखलढुङ्गाको नामको कि.नं. २९२ को जग्गाको क्षेत्रफल १ –११–३–१ को सबै जग्गामा यस नगरपालिकाको भोगाधिकार कायम गरिदिने व्यवस्थाका लागि यस कार्यालयबाट मिति २०७६।१०।२३ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाईएको , सोही बिषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरिदिन च.नं.१५६६ मिति २०७६।११।१६ मा १ नं. प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गरी पठाइएकोमा १ नं. प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विराटनगरको च.नं.२३३० मिति २०७६।१२।२ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार , काठमाण्डौंमा सिफारिस भई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (प्रादेशिक समन्वय शाखा) सिंहदरवार, काठमाण्डौंको चलानी नं. प्रा.स./४२१/५६०८ मिति २०७६।१२।२ को पत्रबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौंलाई पत्राचार गरिएको भए तापनि हालसम्म पनि उल्लिखित जग्गाहरुको भोगाधिकार यस नगरपालिकाको नाममा कायम गर्ने सम्बन्धी कुनै निर्णय नभएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पुनः अनुरोध गर्ने ।

११. प्रदेश सरकारले बनाएको गाउँ र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ तथा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा २२ बमोजिम यस नगर सभा बैठकको मिति २०७५ असार २२ को निर्णय नं.१ बमोजिम गठित अर्थ तथा सार्वजनिक लेखा समिति, विधायन समिति, सामाजिक समिति, सुशासन तथा स्थानीय सेवा समिति, कृषि, पर्यटन तथा प्राकृतिक स्रोत समितिलाई थप क्रियाशील रुपमा परिचालन गर्ने ।

१२. हाल यस नगरपालिकाको वार्ड नं.१२ र साविक ओखलढुङ्गा गाउँ विकास समिति वार्ड नं.६ स्थित सगरमाथा पुस्तकालय रहेको कि.नं.१६१ को क्षेत्रफल १ –२–२–३ को जग्गा र सोही जग्गासँग जोडिएर रहेको साविक जिल्ला पञ्चायत सचिवालय ओखलढुङ्गाको अतिथिगृह रहेको कि.नं.१६६ को क्षेत्रफल १ –१५–२–१ समेतका जग्गाहरुमा नगरपालिकाको भोगाधिकार कायम गरिदिने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

१३. पूर्वमा लिपे खोलाको पहिरो, पश्चिममा पोक्तिङ्ग खोलाको पहिरो र वीच भागमा ढाँडखोला पहिरोको जोखिममा रहेको यस नगरपालिका अन्तर्गत वार्ड नं.७ स्थित धनेंपु , डाँडागाउँ र घुन्सा गाँउलाई जोखिममुक्त बनाउन उल्लिखित पहिरोहरुको नियन्त्रण गर्नुपर्ने हुँदा सोको नियन्त्रणको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्थाको लागि संघ तथाप्रदेश सरकार मातहतका कार्यालय तथा विकास साझेदार संस्थाहरुमा प्रस्ताव पेश गर्ने।

१४. यस नगरपालिकाले निर्माण गरी सञ्चालनमा ल्याएको नगर भ्यूटावर लगलगेसम्म र संघ, प्रदेश र नगरपालिका समेतको लगानीबाट निर्माणाधिन शहीद स्मारक थामडाँडासम्म पर्यटकीय पूर्वाधार निर्माण तथा व्यवस्थापन प्रयोजनको लागि विद्युत विस्तार गरिदिन नेपाल विद्युत प्राधिकरण बितरण कार्यालय रुम्जाटार तथा सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१५. नगर क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका लागि यस नगरपालिका, संघ तथा प्रदेश सरकार समेतको लगानीबाट निर्माण गरिएको नगर भ्यूटावर, स्रस्टापार्क, ऐतिहासिकस्थल ओखलढुङ्गा पार्क, शहीद स्मारकपार्क थामडाँडा र नगरपार्क प्रवेश गर्ने आन्तरिक तथा वाह्य पर्यटकहरुबाट प्रवेश शुल्क लि ने सम्बन्धी एक अध्ययन टोली गठन गरि टोलीबाट प्राप्त प्रतिवेदनको आधारमा कार्यपालिकाबाट निर्णय गरि प्रवेश शुल्क लिने व्यवस्था गर्ने ।

१६. यस नगरपालिकाको पाँचौं नगर सभाबाट स्वीकृत फोहरमैला व्यवस्थापन शुल्कको दररेट बमोजिम फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि निर्धारण गरिएको सेवा क्षेत्रबाट मासिक रु.८८२५०।- सेवा शुल्क संकलन हुन सक्ने प्रारम्भिक सर्वेक्षणबाट देखिएकोले सोही शुल्क रकमबाट श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्धारण गरेको मासिक न्यूनतम ज्याला रु.१३,४५०।-दिने गरी देहाय बमोजिमको कार्यक्षेत्रमा काम गर्नका लागि फोहरमैला संकलकहरु सेवा करारमा लिई काममा

लगाउने भनी  मिति २०७६।१२।२ मा बसेको सरोकारवालाहरुको बैठकबाट निर्णय भए बमोजिम मिति  २०७६।१२।६ मा फोहरमैला संकलक सेवा करारमा लिन दरखास्त आव्हान गरी ७ दिने सूचना प्रकाशन गरिएकोमा विश्व महामारीको रुपमा फैलिएको कोभिड -१९(कोरोना भाइरस) को संक्रमण रोकथाम गरी  सम्भावित महामारीबाट बच्न नेपाल सरकारले मिति २०७६।१२।११ देखि घोषणा गरेको लकडाउनको कारण हालसम्म फोहरमैला संकलक छनौट गर्ने कार्य बाँकीनै रहेको देखिएकोले उल्लिखित सूचना बमोजिम पर्न आएका दरखास्तहरु रद्द गर्ने र सो पदका लागि पुनः दरखास्त आव्हान गरी फोहरमैला संकलकहरु छनौट गर्ने र फोहरमैला व्यवस्थापन वापतको मासिक शुल्क मिति २०७७।४।१ देखी संकलन गर्ने ।

| फोहरमैला संकलन कार्यक्षेत्र | फोहरमैला संकलकको संख्या |
|---|---|
| वार्ड नं.११ मिलनचोक क्षेत्र | १ |
| वार्ड नं.११ को रामबजार क्षेत्र | १ |
| वार्ड नं.११ को रमाइलोडाँडा क्षेत्र | १ |
| वार्ड नं.१२ को भैरवटोल/गणेशटोल क्षेत्र | १ |
| वार्ड नं.१२ जि.वि.स.र सिमलडाँडा क्षेत्र | १ |
| वार्ड नं.४ को रुम्जाटार क्षेत्र | १ |

१७. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।९।२८ को निर्णय बमोजिम यस नगरपालिकाको नाममा रहेको नगरपालिकाको वार्ड नं.११ स्थित कि.नं. १५२८ र १५३० समेतको क्षेत्रफल ६  -०-०-० को जग्गा घरजग्गा रजिष्ट्रेशनको लागि तोकिएको न्यूनतम दरबाट हुन आउने रकम लिई उच्च अदालत विराटनगर , अस्थायी इजलास ओखलढुङ्गाको नाममा स्वामित्व हस्तान्तरण गर्ने स्वीकृति प्राप्त भएको हुँदा सो सम्बन्धी कानूनी प्रक्रिया पूरा गरी उक्त जग्गाको स्वामित्व उच्च अदालत विराटनगर , अस्थायी इजलास ओखलढुङ्गालाई हस्तान्तरण गर्ने भनी यस नगर कार्यपालिकाको मिति २०७६।१०।१४ को बैठकबाट गरिएको निर्णय जानकारी सहित अनुमोदन गरि सो बापत् प्राप्त रकमबाट जग्गादाताहरुलाई सम्मान गर्ने र सोही क्षेत्रको पूर्वाधार निर्माण कार्यमा खर्च गर्ने।

१८. नेपाल सरकार र भारत निर्यात  -आयात बैंकको ऋण लगानीमा नेपाल विद्युत प्राधिकरण, सोलु कोरिडोर १३२ के.भि.प्रसारण लाइनबाट प्रभावित यस नगरपालिकाको

वार्ड नं.६ जन्तरखानी अन्तर्गतका ग्रामीण  क्षेत्रहरुमा विद्युत विस्तार गर्ने कार्य हालसम्म हुन नसकेकोमा सोही आयोजना अन्तर्गतको वितरण प्रणालीबाट उक्त वार्डको ग्रामीण क्षेत्रहरुमा विद्युत वितरण गरिदिने व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग काठमाण्डौंमा अनुरोध गर्ने ।

१९. यस नगरपालिका अन्तर्गतको वातावरण , सरसफाई तथा विपद् व्यवस्थापन र आर्थिक विकास, उद्योग तथा व्यवसाय प्रव  र्द्धन उपशाखा हेर्ने  जनशक्तिको व्यवस्थापन हुन नसकेको सन्दर्भमा यस कार्यालय अन्तर्गतको  सेवा करारमा कार्यरत असिस्टेन्ट सव इञ्जिनियरहरु श्री ज्ञान बहादुर राई र टीका प्रसाद दाहाल समेतलाई २०७७ साउन १ गतेदेखी आन्तरिक श्रोतबाट मासिक रु.२००००।-  तलव सुविधा र चाडवाड खर्च दिने गरि सेवा करार सम्झौता गरि  उल्लिखित उपशाखाहरुको जिम्मेवारीमा कामकाजमा लगाउने ।

२०. यस नगरपालिका स्थित वडा नं.१२ मा रहेको ऐतिहासिकस्थल ओखलढुङ्गा र सिद्धिचरण श्रेष्ठको प्रतिमा रहेको पार्क क्षेत्र साह्रै सानो भई उक्त क्षेत्रको ऐतिहासिक , पुरातात्विक तथा साहित्यक क्षेत्रको महत्व र पहिचान दिनको लागि समस्या भैरहेकोले सो क्षेत्रसँगै रहेको महिला छात्रावासको नामको कित्ता नं. ३४ को क्षेत्रफल ४-९-०-२ भएको जग्गा लिई ऐतिहासिकस्थल ओखलढुङ्गा रसिद्धिचरण श्रेष्ठको प्रतिमा रहेको पार्कको विस्तार गरी भौतिक पूर्वाधार सहितको संरचना निर्माण भएमा उक्त क्षेत्रकै आकर्षण र महत्व बढी सो क्षेत्र पर्यटकीय स्थलका रुपमा विकास हुने भएकोले महिला छात्रावासलाई अन्य उपयुक्त स्थानमा स्थानान्तर गर्नका लागि आवश्यक पर्ने बजेट तथा सहमति उपलब्ध गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष अनुरोध गर्ने ।

२१. यस नगरपालिका अन्तर्गतको वार्ड नं.१२ स्थित ऐतिहासिक तथा पुरातात्विक महत्वको श्री सरस्वती मन्दिर पुन :निर्माण गर्न यस नगरपालिकाको बजेटबाट सम्भव नभएकोले विभागको बजेट तथा कार्यक्रममा समावेश गरी सोको पुननिर्माण गरिदिने व्यवस्थाको लागि पुरातत्व विभाग रामशाहपथ, काठमाडौंमा अनुरोध गरी पठाउने ।

२२. यस नगरपालिका र प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सँगको साझेदारीमा यस कार्यालयको लागि सेवा करारमा नियुक्ति हुने सूचना प्रविधि अधिकृत (IT Officer) पद संख्या १ (एक) ले नियमानुसार पाउने मासिक आधारभूत तलब रु.३५९९०।- र चाडवाड खर्च समेतको २५ प्रतिशतले हुन आउने रु.११६९९७।- यस नगरपालिकाबाट व्यहोर्ने गरि सूचना प्रविधि अधिकृत ( IT Officer) पद संख्या १ (एक) सेवा करारमा नियुक्ति गर्ने ।

२३. यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषको रकम रु.१९,३०,५००।- एभरेष्ट बैंक लिमिटेड शाखा कार्यालय ओखलढुङ्गा शाखामा नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष हि.नं.०७१००१०५२०००४२ को चल्ती खाता खोली जम्मा गरेकोमा उक्त कोषको रकमलाई अधिकतम ब्याज प्राप्त हुनेगरी सोही बैंक वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य कुनै बैंकमा बचत खाता खोलेर राख्ने व्यवस्था गर्ने ।

२४. यस नगरपालिकास्थित ओखलढुङ्गा र रुम्जाटारमा लाग्ने साप्ताहिक हटियाबाट संकलन हुने हाटकर वापतको रकम एभरेष्ट बैंक लिमिटेड शाखा कार्यालय ओखलढुङ्गामा हाट बजार व्यवस्थापननामक हि.नं.०७१००१०१२००००१ को चल्ती खाता खोली राखेकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हाटकर वापतको आय आन्तरिक आय हुने हुँदा एभरेष्ट बैंकमा खोलिएको उक्त खाता बन्द गरी सो खातामा रहेको रकम यस नगरपालिकाको रा.वा.बैंक ओखलढुङ्गा शाखास्थित आन्तरिक राजश्व खातामा राख्ने व्यवस्था गर्ने ।

२५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) को (क) तथा यस नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि , २०७६ बमोजिम नगर प्रहरी सेवा इकाइमा रहने प्रहरी कर्मचारीहरुलाई २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको तलब भत्ता र पोशाक सुविधा वापत आवश्यक बजेट व्यवस्था गर्ने भनी मिति २०७६।११।२७ मा पाँचौ नगर सभाको बैठकबाट निर्णय भएको भए तापनि कोरोना भाइरस (कोभिड–१९)को संक्रमण रोकथाम तथा न्यूनीकरणका लागि

नेपाल सरकारले घोषणा गरेको लकडाउनको कारण आ. व. ०७६/०७७ मा नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी कुनै प्रक्रिया नै आरम्भ नभएकोमा आर्थिक बर्ष ०७७/०७८ को पहिलो महिनाबाटै नगर प्रहरी सेवा करारमा लिने व्यवस्था गर्ने ।

२६. मालपोत कार्यालयबाट घर जग्गा रजिष्ट्रेशन शुल्क वापत् प्राप्त हुने रकमको पाँच प्रतिशत मालपोत सुदृढिकरण वापत् मालपोत कार्यालयलाई उपलब्ध गराउनु पर्नेमा गत आर्थिक बर्ष ०७५ /०७६ को घर जग्गा रजिष्ट्रेशन शुल्क वापतको रकम रु.३४९६८५७।०५ आर्थिक बर्ष ०७६/०७७ मा जम्मा हुन आएकोले सो रकमको पाँच प्रतिशत ले हुन आउने रकम रु.१७४८४२।८५ उपलब्ध गराउन बाँकीनै रहेको सन्दर्भमा सो रकम र चालू आ. व. ०७६/०७७ को रजिष्ट्रेशन शुल्क बापत् प्राप्त हुन आउने रकमको पाँच प्रतिशत समेत एकमुष्ट गरि आगामी आ.व. ०७७/०७८ मा मालपोत कार्यालय ओखलढुङ्गालाई उपलब्ध गराउने ।

२७. यस नगरपालिकाद्धारा सञ्चालन गरिने विभिन्न योजनाहरुको नाममा खोलिने वैंक खाता कार्यपालिकाको निर्णयानुसार सम्बन्धित उपभोक्ता समितिलाई पायक हुने गरि नगरस्थित विभिन्न वैंकहरुमा खोली सञ्चालन गर्ने ।

२८. हाल विश्व महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरस ( COVID-19) को संक्रमण विस्तार हुन गई सोको रोकथाम तथा उपचारका लागि खर्च गर्नुपर्ने अवस्थामा नगरपालिकाले खडा गरेको कोषबाट खर्च गर्न र सो कोषमा मौज्दात रहेको बजेट अपूग भएको अवस्थामा स्वीकृत बार्षिक कार्यक्रमको कुनै पनि शीर्षकबाट रकमान्तर गरी कोरोना भाइरस ( COVID-19) को संक्रमण रोकथाम, न्यूनीकरण तथा उपचार कार्यमा खर्च गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने ।

२९. यस नगरपालिका तथा मातहतका वडा कार्यालयहरुमा सेवा करारमा कार्यरत सवारी चालक र कार्यालय सहयोगीहरु लगायतले मासिक महँगी भत्ता र स्थानीय भत्ता माग गरेको सन्दर्भमा महालेखा नियन्त्रक कार्यालयको चलानी नं .१८० मिति २०७६।९।११ को पत्रानुसार कम्तीमा छ महिना करार सेवा गरेको व्यक्तिलाई अधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालवसाली रुपमा एक पटक चैत महिनामा पोषाक भत्ता मात्र सम्झौतामा उल्लेख गरी करारका कर्मचारीको सेवा सुविधा तोक्न मिल्ने देखिएको र निजहरुले कार्यालय समय वाहेकको समय र कतिपय अवस्थामा बिदाको दिनहरुमा पनि काम गर्नुपर्ने ब्यहोरालाई मध्यनजर गरी निजहरुलाई तपसिल अनुसार मासिक तलब लगायतका सुबिधा उपलब्ध गराउने गरि

निजहरुको सेवालाई २०७७ साउन १ गतेदेखी ०७७ पुस मसान्तसम्मको लागी निरन्तरता दिने र सो पश्चात् पनि निजहरुको सेवालाई निरन्तरता दिनु परेमा कार्यपालिका बैठकको निर्णय अनुसार गर्ने ।

**सवारी चालकहरुको नाम/थर तथा तलब सुविधाः**

| पद | नाम थर | शुरु नियुक्ति मिति | मासिक तलब | मासिक हितकोष थप | मासिक खाजा खर्च | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च बार्षिक |
|---|---|---|---|---|---|---|---|
| हे.स.चा. | तेञ्जी शेर्पा | २०७२।५।१४ | २३८५० | १००० | ६००० | २३८५० | १०००० |
| हे.स.चा. | महेश मगर | २०७४।१।५ | २३८५० | १००० | ६००० | २३८५० | १०००० |
| ह.स.चा. | टेक प्रसाद अधिकारी | २०७२।३।१५ | २२०१० | १००० | ५००० | २२०१० | १०००० |
| ह.स.चा. | अश्विन घिमिरे | २०७५।११।१९ | २२०१० | १००० | ५००० | २२०१० | १०००० |

**कार्यालय सहयोगीहरुको नाम/थर तथा तलब सुविधाः**

| क्र. सं. | पद | नाम थर | शुरु नियुक्ति मिति | मासिक तलब | मासिक हितकोष थप | खाजा खर्च मासिक | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च बार्षिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | का.स. | केशरी वि.क. | २०६६।१२।१ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| २ | का.स. | गीता बस्नेत | २०७१।१।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| ३ | कुचिकार | खुन्ते दमाई | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| ४ | चौकीदार | सूर्यबहादुर वि.क. | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| ५ | का.स. | मदन तामाङ | २०६९।९।१२ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| ६ | का.स. | पुर्णबहादुर श्रेष्ठ | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| ७ | का.स. | ऋषिराम ओझा | २०६६।१।१५ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| ८ | का.स. | गीता खत्री | २०६५।१०।१ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| ९ | का.स. | गोमा कटवाल | २०६५।२।१५ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| १० | का.स. | रिता दाहाल | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| ११ | का.स. | ईद्ध ब. मगर | २०६९।५।१० | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| १२ | का.स. | काजी शेर्पा | २०६५।१०।१ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| १३ | का.स. | कृष्ण ब. गुरुङ | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| १४ | का.स. | कल्पना बुढाथोकी | २०७५।४।१ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| १५ | का.स. | अनुसा कार्की | २०७२।४।१७ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |
| १६ | का.स. | नरेन्द्र दास यादव | २०६६।९।१ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| १७ | का.स. | विक्रान्त राई | २०६०।८।२७ | १९४८० | १००० | १५२० | १९४८० | १०००० |
| १८ | का.स. | सुजन ओझा | २०७४।१०।१५ | १९४८० | १००० | ८२० | १९४८० | १०००० |

३०. यस नगरकार्यपालिका अन्तर्गतका स्वास्थ्य शाखा/संस्थाहरुमा सेवा करारमा कार्यरत तपसिलमा उल्लिखित स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीहरुको सेवालाई २०७७ साल साउन मसान्त पश्चातः पनि निरन्तरता दिनुपर्ने भएकोले निजहरुलाई तपसिल अनुसार मासिक तलब लगायतका सुविधा उपलब्ध गराउने गरि निजहरुको सेवालाई २०७७ साउन १ गतेदेखी ०७७ पुस मसान्तसम्मको लागी निरन्तरता दिने र सो पश्चात् पनि निजहरुको सेवालाई निरन्तरता दिनु परेमा कार्यपालिका बैठकको निर्णय अनुसार गर्ने ।

**१. सशर्त बजेट (स्वास्थ्य) बाट तलब पाउने गरी बिभिन्न स्वास्थ्य संस्थामा २०७७ असार मसान्तसम्म कार्यरत स्वास्थ्यकर्मीहरुः**

| क्र. सं. | पद | नामथर | कार्यरतकार्यालय | तलब सुबिधा |
|---|---|---|---|---|
| १ | अ.न.मि. | अञ्जु दाहाल | स्वास्थ्य चौकि बेतिनी | स्वस्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुने सशर्त अनुदान कार्यक्रम निर्देशिका/मार्गदर्शन बमोजिम हुने |
| २ | अ.न.मि. | गीतादेवी धमला | स्वास्थ्य चौकि बेतिनी | |
| ३ | अ.न.मि. | मिना कुमारी धमला (पहाडी) | स्वास्थ्य चौकि सल्लेरी | |
| ४ | अ.न.मि. | तारा तामाङ | स्वास्थ्य चौकी सल्लेरी | |
| ५ | अ.न.मि. | सविना गुरुङ | स्वास्थ्य चौकी नारायणस्थान | |
| ६ | अ.न.मि. | अम्री शोभा राई | स्वास्थ्य चौकी विगुटार | |
| ७ | अ.न.मि. | माया मगर | स्वास्थ्य चौकी जन्तरखानी | |

**२. निशर्त बजेट (स्वास्थ्य) बाटतलब सुविधा पाउने गरी विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुः**

| क्र. सं. | पद | नाम/थर | कार्यरतकार्यालय | मासिक तलब | चाडपर्व खर्च | पोशाक भत्ता |
|---|---|---|---|---|---|---|
| १ | ल्याब टेक्निसियन | सीता दर्जी | स्वास्थ्य चौकी ठुलाछाप | १५००० | १५००० | १०००० |
| २ | वैद्य | जितेन्द्र कुमार मेहता | आयुर्वेद इकाई निशंखे | २०००० | २०००० | १०००० |

**३. सशर्तबजेट (शहरी स्वास्थ्य केन्द्र) बाट तलब सुविधा पाउने गरी बिभिन्न शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीहरुः**

| क्र. सं. | पद | नाम/थर | कार्यरतकार्यालय | मासिक तलब | चाडपर्व खर्च | पोशाक भत्ता |
|---|---|---|---|---|---|---|
| १ | अ.हे. व. | मुरारी चौधरी | शहरी स्वास्थ्य केन्द्र कयरे | २२१७० | २२१७० | १०००० |
| २ | अ.न.मि. | फूलमाया श्रेष्ठ | शहरी स्वास्थ्य केन्द्र कयरे | १८००० | १८००० | १०००० |
| ३ | का.स. | टिकाबहादुर वानिया | शहरी स्वास्थ्य केन्द्र कयरे | १४००० | १४००० | १०००० |
| ४ | अ.हे. व. | पोटनाथ धमला | शहरी स्वास्थ्य केन्द्र खोदम्पा | १५००० | १५००० | १०००० |
| ५ | अ.न.मि. | रञ्जना खड्का | शहरी स्वास्थ्य केन्द्र खोदम्पा | १७००० | १७००० | १०००० |
| ६ | अ.हे. व. | दुतामाया विश्वकर्मा | शहरी स्वास्थ्य केन्द्र बिप्लाँटे | १४००० | १४००० | १०००० |
| ७ | अ.न.मि. | अपार थापा (वस्नेत) | शहरी स्वास्थ्य केन्द्र बिप्लाँटे | १४००० | १४००० | १०००० |
| ८ | का.स. | तेजु राई | शहरी स्वास्थ्य केन्द्र बिप्लाँटे | १३५०० | १३५०० | १०००० |

**४. निशर्तबजेट (स्वास्थ्य) बाट तलब सुविधा पाउने गरी विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगीहरुः**

| क्र. सं. | पद | नाम/थर | कार्यरतकार्यालय | मासिक तलब | हितकोष थप | चाडपर्व खर्च | पोशाक सुविधा |
|---|---|---|---|---|---|---|---|
| १ | का.स. | रेवतीराज दाहाल | स्वा.चौ. नारायणस्थान | १०००० | ५०० | १०००० | ५००० |
| २ | का.स. | कविता वाँस्तोला (धमला) | स्वा.चौ. बेतिनी | १०००० | ५०० | १०००० | ५००० |
| ३ | का.स. | मिना कुमारी कटवाल | स्वा.चौ. विगुटार | १०००० | ५०० | १०००० | ५००० |
| ४ | का.स. | सरस्वती तामाङ | स्वा.चौ. सल्लेरी | १०००० | ५०० | १०००० | ५००० |
| ५ | का.स. | सुकुमगर (गुरुङ) | श.स्वा.के. खोदम्पा | १०००० | ५०० | १०००० | ५००० |
| ६ | का.स. | सरिता वि. क. | स्वा.चौ.जन्तरखानी | १०००० | ५०० | १०००० | ५००० |
| ७ | का.स. | अञ्जु श्रेष्ठ | स्वा.चौ. तलुवा | १०००० | ५०० | १०००० | ५००० |
| ८ | का.स. | झनक कुमार धमला | स्वा.चौ. बेतिनी | १०००० | ५०० | १०००० | ५००० |
| ९ | का.स. | रमा कार्की | स्वा.चौ.ओखलढुङ्गा | १०००० | ५०० | १०००० | ५००० |
| १० | का.स. | लक्ष्मी खड्का | श.स्वा.के. खोदम्पा | १०००० | ५०० | १०००० | ५००० |

| ५. चालु खर्चको करार सेवा शुल्क बजेटबाट तलब सुविधा पाउने गरी नगरपालिकामा कार्यरत कानूनी सल्लाहाकारको तलब सुविधाः | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जिम्मेवारी | नाम थर | कार्यरत कार्यालय | मासिक तलब | चाडपर्व खर्च | पोशाक भत्ता |
| १ | कानूनी सल्लाहाकार | उमेश कार्की | नगरपालिका कार्यालय | ३५९९० | ३५९९० | १०००० |

**३१.** निर्णय नं. २९र ३० बमोजिम हितकोष वापतको थप रकम सम्बन्धमा देहाय अनुसार गर्ने।

क) नगर कार्यपालिका, मातहतका वडा कार्यालय र शाखाहरुमा सेवा करारमा कार्यरत कार्यालय सहयोगीहरुलाई कार्यालयबाट हितकोष वापत मासिक रुपमा उपलब्ध गराइने रु.७५०।- र निजहरुले पाउने मासिक तलबबाट मासिक रु .७५०।- कटाई मासिक रु.१५००।- का दरले निजहरुको नाममा हितकोष खाता खोली जम्मा गर्ने ।

ख) नगर कार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत सवारी चालकहरुलाई कार्यालयबाट हितकोष वापत मासिक रुपमा उपलब्ध गराइने रु .१०००।- र निजहरुले मासिक रुपमा पाउने तलबबाट मासिक रु .१०००।-कटाई मासिक रु. २०००।-का दरले निजहरुको नाममा हितकोष खाता खोली जम्मा गर्ने ।

ग) स्वास्थ्य संस्थातर्फ सेवा करारमा कार्यरत कार्यालय सहयोगीहरुलाई हितकोष वापत् कार्यालयबाट उपलब्ध गराइने हितकोष वापतको रकम रु .५००।- र निजहरुले मासिक रुपमा पाउने तलबबाट मासिक रु.५००।-कटाई मासिक रु.१०००।-का दरले निजहरुको नाममा हितकोष खाता खोली जम्मा गर्ने ।

घ) हितकोष वापतको रकम नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त नगरस्थित कुनै बैकमा बचत खाता खोली जम्मा गर्ने ।

ङ) हितकोष खातामा जम्मा भएको रकम हितकोष बचतकर्ता कर्मचारी कुनै पनि कारणबाट सेवामुक्त भएको अवस्थामा एकमुष्ट रुपमा भूक्तानी दिने व्यवस्था गर्ने ।

च) सेवामा बहाल रहदैं कुनै कर्मचारीको मृत्यु भएमा निजले पाउने रकम निजको नजिकको हकवालाई एकमुष्ट रुपमा भूक्तानी दिने व्यवस्था गर्ने ।

३२. साविक जिल्ला विकास समितिको कार्यालय ओखलढुङ्गाबाट अस्थायी नियुक्ती पाई स्थानीय तह कार्यान्वयनमा आएपछी यस कार्यालयमा कामकाज गर्न खटाईएका कम्प्युटर अपरेटर श्री पदम परियारको सेवालाई निरन्नतरता दिई कामकाज गराउने ।

३३. यस नगरपालिका, प्रदेश सरकार तथा स्थानीय जनसहभागिता समेतबाट यस नगरपालिकास्थित ओखलढुङ्गा बजार र रुम्जाटारको मुख्य सडकहरुमा जडान गरिएका सडक बत्तिहरुको नियमित मर्मत सम्भार गर्न नगरपालिका र स्थानीय उपभोक्ताहरुको दायित्व हुने हुँदा उक्त कार्यका लागि चालु आ. व. मा नगरपालिकाबाट सडक बत्ती मर्मत कोष स्थापना गरी सडक बत्तिको नियमित मर्मत सम्भारको व्यवस्था मिलाउने ।

३४. यस नगरपालिकालाई आगामी आ.व.०७७।०७८ को लागि संघ / प्रदेश सरकारबाट प्राप्त सशर्त तथा निशर्त अनुदानको सिलिङ्ग, आन्तरिक आयको प्रक्षेपण र चालु आ.व.०७६/०७७ बाट आगामी आ.व. लाई सर्ने जिम्मेवारी समेतको आधारमा यस नगरपालिकाको आगामी आ.व.०७७/०७८ को आय बिवरण देहाय बमोजिम हुने हुँदा उक्त बिवरण स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**क) आ. व. २०७७/०७८ को बार्षिक आय प्रक्षेपणः**

बजेट रु. हजारमा

| **शीर्षक** | **आ.व.०७७/०७८ को अनुमान** |
|---|---|
| **राजस्वः** | |
| आन्तरिक राजस्वः | १८६१९ |
| **संघीयस रकारबाट प्राप्त हुनेः** | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ८२५७२.७५ |
| समानीकरण अनुदान | १०७२०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| लघु उद्यम विकास कार्यक्रम | ३८०० |

| | |
|---|---|
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | १२०० |
| पर्यटन पूर्वाधार विकास आयोजना | १००० |
| झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ४५०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३०० |
| गरीव घर परिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम | २४०० |
| कृषि | ३८०० |
| पशुपंक्षी विकास | ५५०० |
| महिला बालबालिका तथा ज्येष्ठ नागरिक | ३०० |
| शिक्षा युवा तथा खेलकूद | २०६२०० |
| राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम | ४४०० |
| स्वास्थ्य सेवा कार्यक्रम | ५४३०० |
| **संघीय सरकारबाट प्राप्त हुने बिशेष अनुदानः** | |
| कृषि उपज चिस्यान केन्द्र निर्माण जन्तरखानी | ३३०० |
| **संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदानः** | |
| सिद्धिचरण राजमार्गबाट कारागार हुँदै रुम्टी जाने सडक स्तरोन्नति | ६८०० |
| **प्रदेश सरकारबाट प्राप्त हुनेः** | |
| **समपूरक अनुदानः** | |
| मिलनचोक-खाद्य गोदाम-जिल्ला प्रशासन कार्यालय- हुलाकडाँडा-हाटक्षेत्र साल्मे खोरिया-कृष्ण मन्दिर-रमाइलोडाँडा-कमेरे सडक स्तरोन्नती वार्डनम्बर ११ र १२ | ५००० |
| स्रस्टापार्क र शहीद स्तम्भ क्षेत्र पर्यटकीय पूर्वाधार निर्माण वार्ड नम्बर १२ | ५००० |
| समानीकरण अनुदान | ७१७१ |
| सवारी साधनकरको बाँडफाँड हिस्सा | ९३७५ |
| चालु आ.व.माखर्च हुन बाँकी रकम आगामी आ.व.लाई जिम्मेवारी सर्ने | २६८०७.२० |

| | |
|---|---|
| लकडाउनको प्रभावले चालु आ.व.मा सञ्चालन हुन नसकी आगामी आ.व. मा सञ्चालन गरिने आयोजनाहरु | ३३१९२.८ |
| सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ९०००० |
| **जम्मा:** | **६८८७३७.७५** |

**ख) आ. व. ०७७।०७८ को आन्तरिक आय (राजश्व)को प्रक्षेपण:**

बजेट रु. हजारमा

| **शीर्षक** | **आ.व.०७७/०७८ को अनुमान** |
|---|---|
| **कर:** | |
| भूमीकर (मालपोत) | १५०० |
| सम्पत्ती कर | ४१६३ |
| सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | २० |
| अन्य विक्रीबाट प्राप्त आय | २५० |
| व्यवसाय कर | १७२६ |
| व्यवसाय दर्ता दस्तुर | ६०० |
| जडीबुटी कवाडी र जीवजन्तु कर | १०० |
| **गैरकर:** | |
| ढुङ्गा, गिट्टी,बालुवा, माटो,काठ,दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री | १५०० |
| नक्सा पास दस्तुर | १०६३ |
| व्यक्तिगत घटना दर्ता शुल्क | ७५ |
| वहाल विटौरी शुल्क | ६०० |
| सिफारिस दस्तुर | १७५० |
| सरकारी सम्पत्तीको बहालबाट आय (रोलर, ट्रिपर, व्याकहोइ लोडर, घर पसल आदी) | ६४७ |
| फोहोरमैला व्यवस्थापन शुल्क | ९६० |

| | |
|---|---|
| अन्य दस्तुर | ५०० |
| अन्य राजश्व | ५०० |
| विज्ञापन कर | १०० |
| घर वहाल कर | १५०० |
| **सेवा शुल्कः** | |
| मूल्याङ्कन सेवा शुल्क | ३०० |
| निर्माण सञ्चालन र व्यवस्थापन सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथिगृह, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पोखरी, व्यायामशाला, पर्यटकीयस्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | १२० |
| दर्ता, अनुमति तथा नवीकरणदस्तुर (एफ.एम. रेडयो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना तथा कक्षा थप अनुमति, स्थानीयस्तरका व्यापारिक फर्म) | १०० |
| नाता प्रमाणित | १२५ |
| पार्किङ्ग शुल्क | ३० |
| दण्ड जरीवाना | १२० |
| विभिन्न परीक्षाहरुको दरखास्त शुल्क | २० |
| अन्य प्रशासनिक सेवा शुल्क | १०० |
| अन्य सेवा शुल्क | १५० |
| **जम्मा** | **१८६१९** |

**३५.** माथि उल्लिखित बार्षिक बजेटबाट आगामी आ.व.०७७ /०७८ का लागि देहाय बमोजिम क्रियाकलापगत बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

## क) चालु खर्चको विनियोजनः

आर्थिक बर्ष ०७७/०७८ को कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको विनियोजनः

बजेट रु.हजारमा

| सि. नं. | खर्च शीर्षक | स्रोत | नगर कार्यपालिका कार्यालय | वडा कार्यालय | जम्मा |
|---|---|---|---|---|---|
| १ | पदाधिकारी सुविधा | राजश्व बाँडफाँड | १०७०० | ० | १०७०० |
| २ | तलव | | २६५०० | ० | २६५०० |
| ३ | स्थानीय भत्ता | | २५०० | ० | २५०० |
| ४ | महंगी भत्ता | | १७०० | ० | १७०० |
| ५ | पोशाक | | ११९० | ० | ११९० |
| ६ | करार शेवा शुल्क | | १३६०० | ० | १३६०० |
| ७ | पदाधिकारी बैठक भत्ता | | १५०० | २५९२ | ४०९२ |
| ८ | कर्मचारी कल्याण कोष | | १५०० | ० | १५०० |
| ९ | अन्य बैठक भत्ता | | १००० | ० | १००० |
| १० | फिल्ड भत्ता | | १००० | ० | १००० |
| ११ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | १००० | ० | १००० |
| १२ | खानेपानी तथा विद्युत महशुल | | ४०० | २०० | ६०० |
| १३ | सञ्चार महशुल | | ७०० | ७२० | १४२० |
| १४ | अन्य भाडा | | २५० | ० | २५० |
| १५ | घर भाडा | | ५०० | ० | ५०० |
| १६ | सवारी इन्धन | | २५०० | ७२० | ३२२० |
| १७ | इन्धन अन्य प्रयोजन | | २०० | १२० | ३२० |
| १८ | सवारी साधन मर्मत सम्भार | | २२३२ | ६०० | २८३२ |
| १९ | मेशिनरी औजार मर्मत सम्भार | | १२८८ | १२० | १४०८ |
| २० | कार्यालय मसलन्द | राजश्व | ४५०० | १८०० | ६३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाँडफाँड | | | |
| २१ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | | २००० | ० | २००० |
| २२ | बीमा तथा नवीकरण | | ८०० | ० | ८०० |
| २३ | कार्यक्रम खर्च | | २००० | ० | २००० |
| २४ | विविध खर्च | | १८०० | ११५२ | २९५२ |
| २५ | कर्मचारी तालीम | | ४०० | ० | ४०० |
| २६ | पदाधिकारी तालीम | | ५०० | ० | ५०० |
| २७ | पुस्तक तथा सामाग्री खरिद | | २०० | ० | २०० |
| २८ | भ्रमण खर्च | | ३००० | ८७६ | ३८७६ |
| २९ | अनुगमन मूल्यांकन | | १८०० | ० | १८०० |
| ३० | नगर सभा सञ्चालन खर्च | | ५०० | ० | ५०० |
| ३१ | बार्षिक योजना तथा कार्यक्रम छपाई | | ४०० | ० | ४०० |
| ३२ | अन्य सेवा शुल्क | | २९० | ० | २९० |
| ३३ | सेवा परामर्श | | ५०० | ० | ५०० |
| ३४ | अन्य सहायता | | ५०० | ० | ५०० |
| ३५ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार | | १००० | ० | १००० |
| ३६ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | | ५०० | ० | ५०० |
| ३७ | फर्निचर तथा फिक्सचर्स | | १००० | ० | १००० |
| ३८ | जग्गा भाडा | | १५० | ० | १५० |
| ३९ | मेशिनरी तथा औजार उपकरण | | १००० | ० | १००० |
| **कुल जम्मा** | | | **९३१००** | **८९००** | **१०२०००** |

ख) विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को संक्रमण रोकथाम तथा प्रभाव न्यूनीकरणका लागि मिति २०७७।१२।११ देखि नेपाल सरकारले घोषणा गरेको लकडाउनको प्रभावले यस कार्यालयको आ.व.०७६ /०७७ का लागि स्वीकृत

बजेट तथा कार्यक्रमहरु मध्ये कार्यान्वयनका लागि सम्झौता भएर पनि उक्त आ.व.मा सम्पन्न हुन नसकेका र सम्झौता नै हुन नसकेका तपसिलमा उल्लिखित योजना तथा कार्यक्रमहरु मध्ये सम्झौताको म्याद समाप्त भएका योजना कार्यक्रमहरुको म्याद थप गरी आगामी आ.व. मा सम्पन्न गर्ने र सम्झौता नै नभएका योजना तथा कार्यक्रमहरुको हकमा आगामी आ.व.०७७/०७८ मा सञ्चालन गर्ने गरी उक्त आयोजनाहरु बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने ।

**तपसिल**

१) गत आ.व.०७६/०७७ मा सम्झौता भई पेश्की गएका तर लकडाउनको कारण सम्पन्न हुन नसकी आ.व. ०७७।०७८ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुः

**क) नगर स्तरीय आयोजनाहरुः**

बजेट रु. हजारमा

| क. सं. | आयोजना तथा कार्यक्रमको नाम | वडा नं. | स्वीकृत अनुदान | आ.व.७६।०७७ मा गएको पेश्की रु. | आ.व.७७।०७८ मा दिनुपर्ने रु. |
|---|---|---|---|---|---|
| १ | कार्की टोलदेखि बिमिरे जाने मोटरबाटो | १ | ३०० | ८६.४० | २१३.६० |
| २ | केउरिनी खानेपानी योजना | २ | २०० | ५७.६ | १४२.४० |
| ३ | रुम्जाटार बौद्ध गुम्बामा वाटर फाउण्टेशन निर्माण | ४ | ४०० | ११५.२ | २८४.८० |
| ४ | भुजापाते मुहान गरि तल्लो मैदाने खानेपानी योजना मर्मत | ६ | १५०० | ४३२ | १०६८ |
| | | | | **जम्मा** | **१७०८.८** |

**ख) साना सिचाई कार्यक्रम अन्तर्गतका आयोजनाहरुः**

| क. सं. | योजना तथा कार्यक्रमको नाम | गत आ.व. ०७६/०७७ मा गएको पेश्की | चालु आ.व. ०७७/०७८ मा दिनुपर्ने |
|---|---|---|---|
| १ | ठोट्ने खोला खग्रेटो सिंचाई आयोजना | २०३९३१५।- | ८५२८१९५।- |
| २ | बाहुने खोला पिप्लेचौतारा सिंचाई आयोजना | | |
| ३ | बाँझगरा नाल्सु सिचाई आयोजना | | |
| ४ | छाङ्गखोला मानेखेत सिंचाई आयोजना | | |

२) आर्थिक बर्ष ०७६।०७७ का लागि स्वीकृत भएका तर लकडाउनका कारण उक्त आ. व. मा सम्झौता/ कार्यान्वयन हुन नसकी आ. व.०७७।०७८ मा सञ्चालन गरिने नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुः

बजेट रु. हजारमा

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | सभा हलको लागि साउण्ड सिस्टम खरिद | १०० |
| २ | साना सिंचाई आयोजना समपूरक अनुदान (आ.व.०७६।०७७) को | १,३४० |
| ३ | झाँक्रीढुङ्गा पर्यटकीय पूर्वाधार व्यवस्थापन | २०० |
| ४ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | १०,००० |
| ५ | योग भवन निर्माण | ४,३०० |
| ६ | बालबालिका तथा अपाङ्गता घुम्तीकोष | १०० |
| ७ | साहित्यकला तथा संस्कृति प्रवर्द्धन | ६०० |
| ८ | वडा अध्यक्ष तथा वडा सचिवलाई उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी तालीम | ५०० |
| ९ | मेयर कप भलिबल प्रतियोगिता सञ्चालन | २,००० |
| १० | सरसफाई तथा फोहरमैला व्यवस्थापन | ५०० |
| ११ | सार्वजनिक सुनुवाई कार्यक्रम | १५० |
| १२ | नगरपालिका कार्यालय, कृष्णमन्दिर तथा भैरवनाथ मन्दिर आसपासमा सिसि क्यामेरा जडान | ५०० |
| १३ | बारुणयन्त्रको लागि रिजर्भ्वायिर ट्यांकी निर्माण | १,००० |
| १४ | युवा तथा खेलकूद विकास कार्यक्रम | ३०० |
| १५ | सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुका लागि इ.एम.आइ.एस./लेखापालन तालीम | ३०० |
| १६ | कार्यालयको लागि फर्निचर तथा फिक्सचर्स | ५०० |
| १७ | गत बर्षको भुक्तानी दिन बाँकी | ११४ |

| | | |
|---|---|---|
| १८ | स्थानीय ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा तथा निर्माण | १५० |
| १९ | नमूना युवा संसद अभ्यास | १०० |
| | **जम्मा** | **२२७५४** |

३) आर्थिक बर्ष ०७६।०७७ का लागि स्वीकृत भएका तर लकडाउनका कारण उक्त आ . व. मा सम्झौता / कार्यान्वयन हुन नसकी आगामी आ. व.०७७।०७८ मा सञ्चालन गरिने वडा स्तरीय आयोजना तथा कार्यक्रमहरुः

बजेट रु . हजारमा

| **क्र.सं.** | **योजनाको नाम** | **बजेट** |
|---|---|---|
| १ | वडा कार्यालय मर्मत तथा व्यवस्थापन सिनपा १ | ३०० |
| २ | कृषी फर्म र विद्यार्थी खेलकुद सामग्री खरिद सिनपा १ | १०० |
| ३ | सडक मर्मत सिनपा १ | ४०० |
| ४ | VIN सँगको सहकार्यमा दलित टोलमा उद्योग सञ्चालन सिनपा १ | २०० |
| ५ | मोटरबाटो मर्मत/सुधार सिनपा २ | ५०० |
| ६ | स्वास्थ्य चौकी व्यवस्थापन तथा स्वास्थ्य तालीम सिनपा २ | १०० |
| ७ | युवा तथा खेलकुद कार्यक्रम सिनपा २ | १०० |
| ८ | खानेपानी तथा सिंचाई पाईप खरिद सिनपा २ | २०० |
| ९ | पञ्चे बाजा व्यवस्थापन सिनपा २ | १०० |
| १० | व्यावसायिक सीप विकास तालीम (VIN तथा अन्य संस्थाको सहकार्यमा) सिनपा २ | २०० |
| ११ | अधेंरी नारायणस्थान खेलकुद मैदान निर्माण सिनपा ३ | ८०० |
| १२ | तीनकन्या कालिकादेवी समाज भवन निर्माण सिनपा ३ | २०० |
| १३ | मुलघरे खानेपानी योजना असिने सिनपा ३ | १०० |
| १४ | खानेपानी तथा कूलो सिंचाई योजनालाई पाईप खरिद सिनपा ३ | १०० |
| १५ | धुँवा रहित चुल्हो तथा हस्तकला तालीम सिनपा ३ | ५० |

| | | |
|---|---|---|
| १६ | उज्जल भविष्य क्लबदेखी राईटोल हुँदै कुडुले-टारी जोड्ने सडक सिनपा ३ | १०० |
| १७ | वडास्तरी युवाक्लब व्यवस्थापन सिनपा ४ | ५० |
| १८ | वातावरण तथा विपद व्यवस्थापन सिनपा ६ | ५० |
| १९ | अपाङ्ग तथा अतीविपन्न दलीतहरुको लागि जिविकोपार्जन सुधार कार्यक्रम सिनपा ६ | ५० |
| २० | विजुली बत्तीको पोल खरिद तथा विद्युतीकरण सिनपा ८ | ७०० |
| २१ | सल्लेरी-केत्तुके सडक सिनपा ८ | १,००० |
| २२ | खोदम्पाबाट बेथुखर्क जोड्ने मोटरबाटो निर्माण योजना सिनपा ९ | २३० |
| २३ | साविक वडा नं. ६ र ७ हाल सिनपा १० केन्द्रीय विद्युत विस्तारको लागि पोल, तार र ट्रान्समिटर खरिद | १,३०० |
| २४ | स्वास्थ्य संस्थामा वर्थिङ्ग सेन्टरको व्यवस्थापन सिनपा १० | ५० |
| २५ | डाँडाचौर ओख्ले रुम्टी हुँदै केत्तुके सडक निर्माण सिनपा १० | ८०० |
| २६ | लामाढुङ्गा गैराटोल हुँदै सामुदायिक वन भवनसम्म सडक निर्माण योजना सिनपा १० | २०० |
| २७ | शिवमन्दीर हुँदै मूलकूलो आसपास हुँदै सल्लेरी मोटरबाटो निर्माण सिनपा १० | १५० |
| २८ | नागरिक अभिमुखीकरण सिनपा ११ | १०० |
| २९ | सडक मर्मत तथा स्तरोन्नती सिनपा ११ | २०० |
| ३० | गणेशटोल देखी ठाडे खोलासम्मको गोरेटो बाटो मर्मत तथा निर्माण योजना सिनपा १२ | २०० |
| ३१ | वडा नं. १२ का सामुदायिक विद्यालयमा अध्ययनरत दलित, आदीबासी/जनजाती, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि शैक्षिक सामग्री वितरण | १०० |
| | **वडाहरुको कार्यान्वयन हुन बाँकी योजनाको जम्मा** | **८,७३०** |

४) आर्थिक बर्ष ०७७/०७८ मा यस नगर क्षेत्रमा पूँजिगत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने तपसिल अनुसारको बजेट कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बजेट रु. हजारमा |
| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजन रु. | श्रोत | | | |
| | | | आन्तरिक श्रोत | अन्तरसरकारीवित्तीय हस्तान्तरण | | |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
| सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु : | | | | | | |
| १ | शिक्षायुवा तथा खेलकुद कार्यक्रम | २०६२०० | | २०६२०० | | |
| २ | स्वास्थ्यसेवा कार्यक्रम | ५४३०० | | ५४३०० | | |
| ३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम | ४४०० | | ४४०० | | |
| ४ | लघुउद्यम विकास कार्यक्रम | ३८०० | | ३८०० | | |
| ५ | राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम | १२०० | | १२०० | | |
| ६ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १००० | | १००० | | |
| ७ | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ४५०० | | ४५०० | | |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३०० | | ६३०० | | |
| ९ | गरीव घर पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम | २४०० | | २४०० | | |
| १० | कृषी विकास कार्यक्रम | ३८०० | | ३८०० | | |
| ११ | पशुपंक्षी विकास कार्यक्रम | ५५०० | | ५५०० | | |
| १२ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ३०० | | ३०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **सशर्त अनुदानको जम्मा** | | **२९३७००** | | **२९३७००** | | |
| १ | सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ९०००० | | ९०००० | | |
| **सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक संरक्षण कार्यक्रमको जम्मा** | | **९००००** | | **९००००** | | |
| **संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान** | | | | | | |
| कृषी उपज चिस्यान केन्द्र निर्माण जन्तरखानी वडा नं.६ | | ३३०० | | ३३०० | | |
| **संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदानको जम्मा** | | **३३००** | | **३३००** | | |
| **समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरु** | | | | | | |
| १ | सिद्धिचरण राजमार्गबाट कारागार हुँदै रुम्टी जाने सडक स्तरोन्नती वडा नं ११ (संघीय सरकार) | १३६०० | | ६८०० | | ६८०० |
| २ | मिलनचोक-खाद्यगोदाम-जिल्ला प्रशासन कार्यालय-हुलाकडाँडा-हाटक्षेत्र-साल्मेखोरिया-कृष्ण मन्दीर-रमाइलो डाँडा-कमेरे सडक स्तरोन्नती वडा नं ११ र १२ (प्रदेश सरकार) | ७००० | | | ५००० | २००० |
| ३ | स्रष्टापार्क र शहिदस्तम्भ क्षेत्र पर्यटकीय पूर्वाधार निर्माण वडा नं. १२ (प्रदेश सरकार) | ७००० | | | ५००० | २००० |
| ४ | साना सिंचाइ कार्यक्रम अन्तर्गत सञ्चालन हुने सिंचाइ आयोजनाहरुकालागि समपुरक अनुदान | ४१६० | | | | ४१६० |
| ५ | संघ र प्रदेश सरकार लगायत अन्य साझेदारहरुसँग सञ्चालन हुने आयोजनाहरुका लागि समपुरक अनुदान | ६९२७.२४ | | | | ६९२७.२४ |
| **समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको जम्मा** | | **३८६८७.२४** | | **६८००** | **१००००** | **२१८८७.२४** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वित्तीय समानीकरण अनुदान कार्यक्रम अन्तर्गतका आयोजनाहरु** | | | | | | | |
| **क. वडास्तरीय आयोजनाहरु** | | | | | | | |
| १ | सिनपा १ तलुवामा मोटरबाटो मर्मत तथा स्तरोन्नती | वडा नं· १ | १५०० | | | | १५०० |
| २ | कृषी, सिंचाइ, विपन्न, दलित साथै टोल विकास संस्था, यूवा खेलकुद प्रवर्द्धन र आयुर्वेद स्वास्थ्य शिविर | वडा नं· १ | १००० | | | | १००० |
| ३ | ज्येष्ठ नागरिक, महिला सञ्जाल, सहकारी, जनजाती पहिचान, भेषभुषा, यूवाक्लब, मठमन्दीर सुधार, निर्माण एवम् उद्यमशिलता कार्यक्रम | वडा नं· १ | ७०० | | | | ७०० |
| ४ | कार्याल यव्यवस्थापन, वर्तमान कोभिड १९ संक्रामक रोग नियन्त्रणका लागि भैपरि आउने खर्च व्यवस्थापन | वडा नं· १ | ३०० | | | | ३०० |
| ५ | पाईप तथा तारजाली खरिद | वडा नं· १ | ४०० | | | | ४०० |
| ६ | फलफुल विरुवाका साथै घाँसजन्य बिरुवा उत्पादन नर्सरी स्थापना | वडा नं· १ | ५० | | | | ५० |
| ७ | उत्कृष्ट काम गर्ने शिक्षक, कर्मचारी तथा कृषकलाई प्रोत्साहन | वडा नं· १ | ५० | | | | ५० |
| | | **वडानं. १ को जम्मा** | **४०००** | | | | **४०००** |
| १ | सिनपा २ मा मोटरबाटो मर्मत/स्तरोन्नती | वडा नं· २ | २००० | | | | २००० |
| २ | आनन्देश्वर आवि. घेराबार | वडा नं· २ | ३०० | | | | ३०० |
| ३ | चुहानछाप खानेपानी मर्मत | वडा नं· २ | ३०० | | | | ३०० |
| ४ | कामीगाँउ लिफ्टिङ खानेपानी पाईप विस्तार | वडा नं· २ | ३०० | | | | ३०० |
| ५ | मठमन्दीर मर्मत संरक्षण | वडा नं· २ | २०० | | | | २०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | लाकुँरीबोट मुहान संरक्षण | वडा नं· २ | १०० | | | | १०० |
| ७ | खानेपानी तथा सिंचाई पाईप खरिद | वडा नं· २ | ३०० | | | | ३०० |
| ८ | कार्यालय व्यवस्थापन तथा संक्रामक रोग नियन्त्रण कार्यक्रम | वडा नं· २ | २०० | | | | २०० |
| ९ | केउरिनी मलामी आश्रम निर्माण | वडा नं· २ | १०० | | | | १०० |
| १० | उत्कृष्ट काम गर्ने शिक्षक, कर्मचारी तथा कृषकलाई प्रोत्साहन | वडा नं· २ | १०० | | | | १०० |
| ११ | युवा तथा खेलकुद विकास कार्यक्रम | वडा नं· २ | १०० | | | | १०० |
| **वडा नं. २ को जम्मा** | | | **४०००** | | | | **४०००** |
| १ | साविक वडा नं. ७ राईटोल हुदै सिस्नेखोला जोड्ने सडक निर्माण | वडा नं· ३ | ५०० | | | | ५०० |
| २ | लामीस्वती शिव मन्दिर मर्मत तथा घेरावार | वडा नं· ३ | २०० | | | | २०० |
| ३ | नारायणस्थान मा.वि. लाई शैक्षिक सुधारका लागि कम्प्युटर शिक्षक व्यवस्थापन | वडा नं· ३ | २०० | | | | २०० |
| ४ | तिनकन्या वालविकास केन्द्र ओखेनी | वडा नं· ३ | १०० | | | | १०० |
| ५ | पाँचकन्या देवी मन्दिर निर्माण तथा घेरावार नारायणस्थान | वडा नं· ३ | २५० | | | | २५० |
| ६ | उतेसिनी मझुवा खा.पा.निर्माण | वडा नं· ३ | १५० | | | | १५० |
| ७ | पँयुउवोटे मझिम टोल खा.पा. मर्मत योजना | वडा नं· ३ | १०० | | | | १०० |
| ८ | वालविकास आ.वि. अधेंरिमा गुणस्तर सुधारका लागि कम्प्युटर शिक्षक व्यवस्थापन | वडा नं· ३ | १५० | | | | १५० |
| ९ | डाँडाटोल मोटरवाटो निर्माण | वडा नं· ३ | ६०० | | | | ६०० |
| १० | चनौटे सृजनसिल सेवा समाज क्लव भवन निर्माण | वडा नं· ३ | ५०० | | | | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | असिने गुरूङगाउँ खेलमैदान निर्माण | वडानं· ३ | ४०० | | | | ४०० |
| १२ | किरात सङ्ग्रहालयको ट्वाइलेट निर्माण | वडानं· ३ | १०० | | | | १०० |
| १३ | चनौटे-जङ्गले सोटिघाट मलामि विश्रामस्थल निर्माण | वडानं· ३ | २०० | | | | २०० |
| १४ | लामिस्वती आ.वि. लाई शैक्षिक सुधारका लागि शिक्षक व्यवस्थापन | वडानं· ३ | १५० | | | | १५० |
| १५ | ढुङ्गे निदोभान सतीघाट मलामि विश्रामस्थल निर्माण | वडानं· ३ | २०० | | | | २०० |
| १६ | नारायानस्थान मा.वि. भवन बनाउनको लागी घडेरी सम्याउन | वडानं· ३ | २०० | | | | २०० |
| | | **वडा नं. ३ को जम्मा** | **४०००** | | | | **४०००** |
| १ | पशु कार्यालय व्यवस्थापन | वडा नं· ४ | ५० | | | | ५० |
| २ | कृषी विउ विजन खरिद | वडा नं· ४ | ५० | | | | ५० |
| ३ | युवा तथा खेलकुद कार्यक्रम | वडा नं· ४ | ५० | | | | ५० |
| ४ | भगवती सामुदायिक संस्थालाई उन्नत जातको बोका खरिद | वडा नं· ४ | ५० | | | | ५० |
| ५ | वडा कार्यालय ब्यवस्थापन | वडा नं· ४ | १०० | | | | १०० |
| ६ | तामाङ समुदाय सामुदायिक संस्था व्यवस्थापन | वडा नं· ४ | १०० | | | | १०० |
| ७ | एकिकृत महिला सामुदायिक भवन कार्यालय व्यवस्थापन | वडा नं· ४ | २०० | | | | २०० |
| ८ | कालिका आधारभूत विद्यालय व्यवस्थापन | वडा नं· ४ | १०० | | | | १०० |
| ९ | बौद्धगुम्बा रुम्जाटार गुरुकुल शिक्षा व्यवस्थापन | वडा नं· ४ | ५० | | | | ५० |
| १० | अपाङ्गतथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं· ४ | १०० | | | | १०० |
| ११ | पञ्चे बाजा बजाउने तालीम र पोषाक खरिद | वडा नं· ४ | ५० | | | | ५० |
| १२ | बुढाटोल धारा व्यवस्थापन | वडा नं· ४ | ५० | | | | ५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | रामेश्वरीहार देखी भोक्टेनी जाने मोटरबाटो मर्मत | वडा नं. ४ | ५० | | | | ५० |
| १४ | मयुरे डाँडादेखी तिलिंगे सडक स्तरोन्नती | वडा नं. ४ | ५०० | | | | ५०० |
| १५ | तिलिंगे बालकक्षा भबन घेराबार र ट्वाईलेट निर्माण | वडा नं. ४ | ३०० | | | | ३०० |
| १६ | चार्खु-थुम्कीडाँडा कालिका मन्दीर व्यवस्थापन | वडा नं. ४ | ४०० | | | | ४०० |
| १७ | ओम कुमारीको घरदेखी सानो चौतारा जाने सडक निर्माण | वडा नं. ४ | १५० | | | | १५० |
| १८ | सुदर्सनको घरदेखी बेलवोट हुँदै ठूल ढिकसम्म जाने सडक निर्माण | वडा नं. ४ | २०० | | | | २०० |
| १९ | चार्खु महिला भवन निर्माण | वडा नं. ४ | ३०० | | | | ३०० |
| २० | तेर्सो बाटोदेखी वडा कार्यालय जाने बाटो स्तरोन्नती | वडा नं. ४ | १५० | | | | १५० |
| २१ | भिमसेन मन्दीर व्यवस्थापन | वडा नं. ४ | १०० | | | | १०० |
| २२ | रत्न कुमारीको बारीदेखी गोपीलालको घरसम्म बाटो स्तरोन्नती | वडा नं. ४ | १०० | | | | १०० |
| २३ | माझ वन धारा जाने बाटो मर्मत | वडा नं. ४ | १०० | | | | १०० |
| २४ | ज्यामिरेगाँउ धारा जाने बाटो मर्मत | वडा नं. ४ | १५० | | | | १५० |
| २५ | तीनधारे धारा तार घेराबार | वडा नं. ४ | १५० | | | | १५० |
| २६ | सिमधारा तार घेराबार साविक ३ | वडा नं. ४ | १५० | | | | १५० |
| २७ | सुविदार चौतारा हुँदै ढुङ्ग्रे धारा जाने बाटो स्तरोन्नती | वडा नं. ४ | १०० | | | | १०० |
| २८ | लोकेशन बोर्ड | वडा नं. ४ | ५० | | | | ५० |
| २९ | सडक बत्ती मर्मत तथा महशुल व्यवस्थापन | वडा नं. ४ | १०० | | | | १०० |
| | | **वडा नं. ४ को जम्मा** | ४००० | | | | ४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | मानेडाँडा विब्लाटे छोर्तेन गुम्वा निर्माण | वडा नं. ५ | १०० | | | | १०० |
| २ | छाँगेखोला चिलाउने डाँडा फेदिवाट बर्नालु खानेपानी विस्तार | वडा नं. ५ | २०० | | | | २०० |
| ३ | चिप्लेचौर खानेपानि मर्मत | वडा नं. ५ | १५० | | | | १५० |
| ४ | स्वास्थ्य चौकिमा घेरावार | वडा नं. ५ | १५० | | | | १५० |
| ५ | माथिल्लो निगाले खोला मुहान गरी निगाले खानेपानी मर्मत | वडा नं. ५ | १५० | | | | १५० |
| ६ | स्वास्थ्य चौकि बर्नालु कार्यालय ब्यवस्थापन | वडा नं. ५ | १५० | | | | १५० |
| ७ | विब्लाटे शहरी स्वास्थ्य केन्द्र जाने सडक | वडा नं. ५ | १५० | | | | १५० |
| ८ | वडा कार्यालयवाट उत्तिसे, घुर्मिसे सडक निर्माण | वडा नं. ५ | ४०० | | | | ४०० |
| ९ | दुम्के, सिउरानि, घुर्मिसे, उत्तिसे हुँदै वडा कार्यालय जोड्ने सडक निरन्तरता | वडा नं. ५ | २०० | | | | २०० |
| १० | नर्सरी खोलावाट तल्लो ढुंग्रे जोड्ने सडक | वडा नं. ५ | २०० | | | | २०० |
| ११ | चुप्लुवाट चुप्लुवेसी हुदै बर्नालु जाने सडक निर्माण | वडा नं. ५ | ४०० | | | | ४०० |
| १२ | देउरालि चौतारा देखि सन्तोष राईको घरसम्मको वाटो ढुंगा सोलिङ निरन्तरता | वडा नं. ५ | २०० | | | | २०० |
| १३ | देउरालि चौतारावाट भदौरे सडक क्रमागत | वडा नं. ५ | २०० | | | | २०० |
| १४ | घुर्मिसे, उत्तिसेवाट वडा कार्यालय आउने मुलवाटो मर्मत | वडा नं. ५ | १०० | | | | १०० |
| १५ | लालु सामुदायिक भवन निर्माण | वडा नं. ५ | ३०० | | | | ३०० |
| १६ | सुनार खोप हुदै गैरिगाउँ जोड्ने सडक मर्मत | वडा नं. ५ | १०० | | | | १०० |
| १७ | लालुढिक डाँडावाट तल्लो लालु जोड्ने सडक | वडा नं. ५ | १५० | | | | १५० |
| १८ | सिनपा ५ को विभिन्न योजनाको डिपिआर तयार | वडा नं. ५ | २०० | | | | २०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | सानो चित्रेढल निर्माण | वडा नं. ५ | २०० | | | | २०० |
| २० | कालिकादेवि आवि. खेलमैदान जाली भर्ने साथै माटो फिलिङ | वडा नं. ५ | १०० | | | | १०० |
| २१ | वडा कार्यालयमा इन्टरनेट जडान तथा कार्यालय ब्यवस्थापन | वडा नं. ५ | २०० | | | | २०० |
| | | **वडा नं. ५ को जम्मा** | **४०००** | | | | **४०००** |
| १ | फलाटे - तल्लो मैदाने सडक निर्माण | वडा नं. ६ | ३०० | | | | ३०० |
| २ | जलदेवी समाजसेवी युवाक्लब भवन र खेलमैदान, ङ्ग्युर रिञ्जिन छ्याखोरलिङ बौद्ध गुम्बा नलिडाँडा, कात्तिकेदेखी-रमितेडाँडा-फोक्टेडाँडा र बाख्रे राङ्गेल-नलिडाँडा सडक डि पि आर | वडा नं. ६ | ५०० | | | | ५०० |
| ३ | संखेखरी, भुजापाते शौचालय निर्माण | वडा नं. ६ | २०० | | | | २०० |
| ४ | सेतीदेवी दलित बाल समुह शौचालय निर्माण | वडा नं. ६ | १५० | | | | १५० |
| ५ | नलिडाँडा लट्टेबारी मोटरबाटो निर्माण | वडा नं. ६ | ३०० | | | | ३०० |
| ६ | भुमेस्थान मिश्रित समूह भवन निर्माण | वडा नं. ६ | ३०० | | | | ३०० |
| ७ | पखेरी सडक निर्माण | वडा नं. ६ | ७०० | | | | ७०० |
| ८ | जन्तरधाप खानेपानी ट्याङ्की निर्माण | वडा नं. ६ | ४०० | | | | ४०० |
| ९ | जलदेवीर होटलडाँडा सडक स्तरोन्नती | वडा नं. ६ | ४०० | | | | ४०० |
| १० | दोभान झोलुङ्गे पुल संरक्षण योजना | वडा नं. ६ | ५० | | | | ५० |
| ११ | विपद तथा वातावरण संरक्षण योजना | वडा नं. ६ | १०० | | | | १०० |
| १२ | आमा समूह सञ्जाल तथा गर्भवती जोडी तालीम | वडा नं. ६ | ५० | | | | ५० |
| १३ | कोभिड१९ भाईरस रोकथाम सम्बन्धी कार्यक्रम | वडा नं. ६ | ३५० | | | | ३५० |
| १४ | प्रहरीबिट ठाडेको घरभाडा | वडा नं. ६ | १०० | | | | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | विपन्न दलित अपाङ्गता प्रोत्साहन कार्यक्रम | वडा नं· ६ | ५० | | | | ५० |
| १६ | भुमेस्थान मन्दीर निर्माण माथिल्लो मैदाने | वडा नं· ६ | ५० | | | | ५० |
| | | **वडा नं. ६ को जम्मा** | **४०००** | | | | **४०००** |
| १ | पोक्तिङ-सर्सेपु-विगुटार सडक स्तरोन्नती | वडा नं· ७ | १००० | | | | १००० |
| २ | बालबालिका, अपाङ्ग, दलित तथा लक्षित वर्गलाई सचेतना तथा आय आर्जन कार्यक्रम | वडा नं· ७ | १५० | | | | १५० |
| ३ | स्वरोजगार तथा घरेलु उद्योग विकास कार्यक्रम | वडा नं· ७ | ७०० | | | | ७०० |
| ४ | ठाडे-चैते-डाँडाखर्क सडक निर्माण योजना | वडा नं· ७ | ५०० | | | | ५०० |
| ५ | सूचना वोर्ड, ठाडे प्रहरी चौकी फर्निचर तथा कार्यालय व्यवस्थापन | वडा नं· ७ | १०० | | | | १०० |
